
# लेखापरीक्षण प्रतिवेदन

# शिवनाथ गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## शिवनाथ गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-१०

च.न.:FAR/2080-81/LOC/682

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी।

## कैफियतसहितको राय

हामीले शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.७ करोड ७८ लाख २१ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९ लाख ५ हजार र गरीबसँग विश्वेस्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.७ करोड ९१ लाख ४१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.६९ करोड ७७ लाख ७२ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ८ लाख १० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ लाख १७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.१९ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.६७ लाख ३१ हजार र पेस्की बाँकी रु.३ लाख ४० हजार रहेको छ। गत वर्षसम्म रु.१४ करोड ६१ लाख ६५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ७२ लाख ६४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८० | ४५ | १,०८,०९,८६७ | ० | ६ | १,१६,८९६ | ० | ८० | ३९ | १,०६,९२,९७१ | १९,४२,९०६ | ६७,३१,००१ | १६,७९,०६४ | ० | ० | ८४,१०,०६५ | ३,४०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | १४,६१,६४,९९२ | ० | ९५,९४,००० | १३६५७०९९२ | ० | १,०६,९२,९७१ | १४,७२,६३,९६३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २९ | पेश्की वाँकी | ५४,००,००० |
| २ | २०७८/७९ | ७९ | प्रमाण बेगर खर्च | १८,००,००० |
| ३ | २०७८/७९ | २९ | पेश्की बाँकी | ५,९४,००० |
| ४ | २०७९/८० | ३३ | शिक्षा तर्फ - यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् - | १८,००,००० |
| ५ | २०८०/८१ | १९ | मु अ कर कट्टि | १,०४,०३१ |
| ६ | २०८०/८१ | २८ | नियम पालन नगरी बिज्ञापन खर्च | १२,८६५ |
| | | | | |

| | |
|---|---|
| जम्मा | ९७,१०,८९६ |

# (८०७७४५०४३०० - शिवनाथ गाउँपालिका, बैतडी )

# शिवनाथ गाउँपालिका , बैतडी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्वर समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभासदस्य, ८१.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८०६४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।११ देखि २०८१।०५। १३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय रू.६९ करोड ७७ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा रु.८६०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | नागर्जुन मा.वि.को छात्रवृतिमा वढी भुक्तानी असुल भएको। | ८६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वैदेशिक भ्रमण**

स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को निर्देशिका नं ४ मा पदाधिकारीले विदेश भ्रमण गर्दा जिल्ला समन्वय समितिका प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकार र अन्य पदाधिकारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गरिने व्यवस्था छ। पालिकाका अध्यक्षले यो वर्ष The First Belt and Road Chinese University and Overseas Partner exchange Conference को निमन्त्रणमा चीनको बैदेशिक भ्रमणमा जाँदा रू.२६०७५०।०० भ्रमण खर्च भएकोमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रीबाट मनोनयनको स्वीकृति नलिई वैदेशिक भ्रमण गरेको देखियो। पदाधिकारीले वैदेशिक भ्रमाण गर्दा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट स्वीकृति लिने तर्फ ध्यान दिनु पर्छ।

३ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारीको बैठक भत्ता वापत रू.११८३०००।०० र कर्मचारीको बैठक भत्ता वापत रू. ५६१०००।०० गरी जम्मा रू.१७४४०००।०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारीलाई उपलव्ध गराइने सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

४ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी सुविधा वापत रू.७२१२५००।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ४४५५८९३।४० प्राप्त गरेको छ। आन्तरिक आयको १६१ प्रतिशत पदाधिकारी सुविधमा खर्च भएको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

५ **ईन्धन**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ र पालिकाको सार्वजनिक खर्चमा मापदण्ड २०७७ को बुदा ४ मा कार्यालयबाट सवारी साधन प्राप्त कर्मचारीले मासिक १० लि. र सो भन्दा बढि आवश्यक भएमा शाखा प्रमुखको सिफारिस अनुसार ईन्धन उपलव्ध गराइने व्यवस्था रहेकोमा यस पालिकाले यो वर्ष ईन्धन कार्यालय प्रयोजन शिर्षकमा रू. २८३४६८२।०० र ईन्धन पदाधिकरी शिर्षकमा रू. ३९४१३४।०० गरी रू. ३२२८८१६।०० ईन्धनमा खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख समेत राखेको पाइएन। Public Asset Management System (PAMS)को पुर्ण रुपमा प्रयोग गरी इन्धन खपतको अभिलेखलाई व्यवस्थित गरी ईन्धन खर्चलाई मितव्ययी मापदण्डमा आधारित बनाउनु पर्छ।

६ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मितिर भ्रमणमा प्रयोग भएको सवारी साधनको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने

पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.७५९०८२।०० र भ्रमण खर्चमारू.२४०५११२।०० गरी जम्मा रू.३१६४१९४।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार देखिएन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था गरी नियमावलीको पालना गरिनुपर्दछ।

७ **खाना तथा विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमारू.१९३९०३५।०० खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

८ **शिक्षकको तलब भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्येसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी विभिन्न विद्यालयहरुमा ८७ शिक्षक करारमा नियुक्त गरी यो वर्ष राजश्व बाँडफाँट स्रोतबाट रू.२४१५४५७८।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

९ **ईन्धन मापदण्ड**

शिवनाथ गाँउपालिका ईन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८० को अनुसुची १ मा प्रमुख प्रशासकीय अधिकृतलाई २० लिटर, अधिकृत छैटौँ, सातौ र आठौ लाई १५ लि. तथा अन्य कर्मचारीलाई १० लि. मासिक रुपमा उपलव्ध हुने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष निम्नानुसार कर्मचारीको लागि रकार्यालय प्रयोजन शिर्षक समेतको लागि रू.३१५८२१२।००खर्च गर्दा सवारी साधनमा प्रयोग भएको अभिलेख राखेको देखिएन। यसरी ईन्धनको लागि खर्च गर्दा इन्धन माग फारम र सवारी साधनमा प्रयोग भएको अभिलेख तयार गरी खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्छ।

| भौ.न. मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १४२।२०८०।०८।१९ | विभिन्न कर्मचारीलाई ईन्धन वापत भुक्तानी | १८३६६०।०० |
| ५३०।२०८१।०३।११ | विभिन्न कर्मचारीलाई ईन्धन वापत भुक्तानी | १३९८७०।०० |
| विभिन्न भौचर न र मितिबाट | कार्यालय प्रयोजन | २८३४६८२।०० |
| जम्मा | | ३१५८२१२।०० |

१० **सवारी साधन मर्मत खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन तथा मेशिन

औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रू २५८६४३७।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गर्नु पर्छ।

११ **परिक्षा व्यवस्थापन खर्च**

शिवनाथ गाउँपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा करारका विभिन्न पदमा कर्मचारीकालागि पश्न पत्र निर्माण, अन्तरवार्ता, खाजा तथा लिखित परिक्षा सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले करारका देहाय बमोजिम पदमा १३ जना कर्मचारी छनौट गर्दा परिक्षा सञ्चालन वापत रू.२९३७००।०० खर्च गरेको छ। यस्तो खर्चको आधार, कारण र औचित्य प्रमाणित भई भुक्तानी दिने प्रवृतिलाई नियन्त्रण गरी मितव्यियता कायम गर्नुपर्दछ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | अ.न.मी | ६ जना |
| २ | हे.अ. | २ जना |
| ३ | नेत्र सहायक | १ जना |
| ४ | अपटीकल डिस्पेन्सर | १ जना |
| ५ | अद्यमविकास सहजकर्ता | १ जना |
| ६ | स्वीपर | १ जना |
| ७ | का. स. | १ जना |
| | जम्मा | १३ |

१२ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्न सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सफ्टवेयर खरिदमा रू.९९३८३५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिएर मात्र प्रयोग गर्नुपर्दछ।

| सिं.नं. | सफ्टवेयरको नाम | खरिद गरीएको फर्म | खर्च भएको रकम |
|---|---|---|---|
| १ | कार्यालय व्यवस्थापन प्रणाली | फ्रन्टलाइन डिजिटल नेटवर्क प्रा.ली. | ४९५५०५।०० |
| २ | गाउँपालिकाको योजना व्यवस्थापन प्रणाली | अनी सफ्ट सोलुसन प्रा.ली. | ४९८३३०।०० |
| जम्मा | | | ९९३८३५।०० |

१३ **सवारी साधन भाडा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन भाडातर्फ रु.११६१७००।०० खर्च गरेको छ। यस्तो खर्चको आधार, कारण र औचित्य प्रमाणित भई भुक्तानी दिने प्रवृतिलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

१४ **मसलन्द खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न मितिमा रू.४०४४०७९।०० को मसलन्द सामान खरिद गरेकोमा नियमावलीको व्यवस्था अनुसार प्याकेज बनाई खरिदलाई प्रतिस्पर्धी र खुला बनाउन सक्ने अवस्थामा विभिन्न आपुर्तिकर्ताहरुबाट पटक पटक सोझै खरिद गरेको देखियो। वडा कार्यालयको मसलन्द समेतको खर्च भएको र वर्षको शुरुमा अनुमान गर्न नसकिएकोले प्याकेजिङ्ग गर्न नसकिएको पालिकाको प्रतिक्रीया रहेको छ। सार्वजनिक निकायले खरिदलाई प्रतिस्पर्धात्मक बनाई मितव्ययियिता अपनाउनु पर्दछ।

## १५ वडाको विविध

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले विविध शिर्षकबाट प्रत्येक वडालाई रू.१५००००।०० का दरले बजेट विनियोजन गरी यो वर्ष रू.९ लाख खर्च गरेको छ। विविध खर्च अन्तर्गत वडा कार्यालयहरुमा खाना नास्ता, खाद्य समाग्री आदिमा खर्च भएको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

| वडा नं | विविध खर्च |
|---|---|
| १ | १५००००।०० |
| २ | १५००००।०० |
| ३ | १५००००।०० |
| ४ | १५००००।०० |
| ५ | १५००००।०० |
| ६ | १५००००।०० |
| जम्मा | ९०००००।०० |

## १६ फरक बजेट खर्च शिर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रहि बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखाउत्तरदायी अधिकृत र सम्बन्धित जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। पालिकाले यो वर्ष विनियोजन ऐन अनुसार पुँजिगत शिर्षकमा विनियोजित रकमबाट निम्नानुसार चालु प्रकृतिको रू.२० लाख ६६ हजार खर्च लेखेको देखियो। खर्चको प्रकृति अनुसार चालु र पुँजिगत शिर्षकमा विनियोजन हुने सिद्दान्त विपरीत पुँजिगत शिर्षकबाट चालु प्रकृतिका खर्च लेख्नु बजेट सिद्दान्त अनुरुप देखिएन। यसरी शिर्षक फरक पारी गरिएको खर्च नियमित हुनुपर्दछ।

| खर्चको प्रकृति | रकम |
|---|---|
| विपत व्यावस्थापन कोषमा ट्रान्स्फर भएको | १५००००००।०० |
| न्यायिक समिति बैठक भत्ता वितरण | ७६०००।०० |
| महिला स्वास्थ्य स्वयम सेविका सम्मान | ३४००००।०० |
| जेष्ठ नागरिक सम्मान | १५०००००।०० |
| जम्मा | २०६६०००।०० |

| | |
|---|---|
| अनियमित भएको | २०,६६,००० |

## १७ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४४५५८९३।४० राजस्व बाँडफाँडबाट रू. ६४५८४००६।२७, अनुदानबाट रू. २६७३६९१४९।०० र अन्य आय रू. ६९६९४७७।९८ लगायत कूल रू. ३७४०१३९३५।२५ प्राप्ति भएकोमा चालु तर्फ रू. २१६१६४०६४।२८ र पूँजिगत तर्फ रू. ९९६२१६०५ र अन्य खर्च रू. ३१०१४२२ समेत कूल रू. ३१८८८७०९१।२८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६७.७८ प्रतिशत चालु र ३२.२१ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु खर्चलाई पुँजिगत खर्चको दिगोपना बढाउन प्रयोग गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राख्न आवश्यक मापदण्ड बनाउनु पर्दछ।

## १८ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३तथा दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। पालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यो बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाई सराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६८२ |
| मृत्युदर्ता | १६१ |
| बसाईसराई दर्ता | ३४ |
| विवाह दर्ता | १५७ |
| सम्बन्धविच्छेद दर्ता | ० |

## १९ मु अ कर कट्टि

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टि गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत मु अ कर कट्टि गरि दाखिला गरेको नदेखिएकोले मुअकर समायोजन पत्र पेश हुनुपर्दछ।

| भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|
| ५३।९।२५ | शिवम सर्जिमेड एण्ड सप्लायर्स | सर्जिकल सामाग्री खरिद | १०३३८१ |
| ७४।१०।१७ | शिवाकोटी ट्रेड सप्लायर्स | जेष्ठ नागरिक सम्मान विविध खरिद | १३२३४ |
| १८।७।२० | शिवनागर्जुन छापाखाना | छपाई सम्बन्धी | ११३३६ |
| ११५।११।१५ | न्यू अपि भण्डार | सुत्केरी कोशेली विविध सामाग्री खरिद | ३२७९२ |
| ११५।११।१५ | शिवशक्ति गार्मेण्ट | सुत्केरी कोशेली विविध सामाग्री खरिद | २३७२५ |
| १२६।११।१७ | बन्दना हार्डवेयर एण्ड सप्लायर्स | विविध सामाग्री | ४३८१५ |
| ४२०।३।२३ | बन्दना हार्डवेयर एण्ड सप्लायर्स | जस्तापाता खरिद | २०११२ |
| जम्मा | | | २४८३९५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४५,८६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४६,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **११,४९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४८,३९५ |

२० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। कर्मचारी तथा पदाधिकारीलाई थप आर्थिक सुविधा उपलव्ध गराउदा कार्यवोझ विश्लेषण गरी उक्त थप आर्थिक व्ययभार व्यहोर्ने उपयुक्त आयस्रोत र कानूनी आधार समेतलाई ध्यानमा राख्नु पर्दछ। पालिकाले यो वर्ष कानुन नबनाई आन्तरिक आय र कार्यवोझको विश्लेषण समेत नगरी मिति २०८०।४।३१ को कार्यपालिकाको निर्णयबाट निम्नानुसार पदका कर्मचारीलाई प्रोत्साहन भत्ता वापत कूल रू.७४४०००।०० गाँउ सभाबाट पारित गरी खर्च गरेको छ। पालिकाको आन्तरिक आय गत वर्ष रू ३० लाख ७६ हजार भएकोमा यो वर्ष रू ४४ लाख ५६ हजार संकलन भएको देखियो। आन्तरिक आय समेतलाई विचार गरी कानून तथा आवश्यक मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ता वापत रकम भुक्तानी गर्नुपर्दछ।

| क्र स | पद | मासिक फिल्ड भत्ता रू | वार्षिक रू |
|---|---|---|---|
| १ | ईन्जिनीयर छैटौ | २४०००।०० | २८८०००।०० |
| २ | सव ईन्जीनियर | २००००।०० | २४००००।०० |
| ३ | असिस्टेण्ट सव ईन्जिनीयर | १८०००।०० | २१६०००।०० |
| | जम्मा | | ७४४०००।०० |

२१ **छात्रवृत्ति वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। शिवनाथ गाँउपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को दफा ९ मा प्राविधिक धार तर्फका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था भए अनुसार सूचना प्रकाशन गर्दा निम्नानुसार ६ जनाले आवेदन दिएको र सबैलाई उपलव्ध गराएको देखियो। स्नातक तहका विद्यार्थीहरुलाई ४ वर्ष सम्म छात्रवृत्ति उपलव्ध गराउनु पर्ने र सोहि अनुसार प्रत्येक वर्ष अन्य विद्यार्थीहरु समेतलाई अवसर दिनुपर्ने देखिएबाट पालिकालाई दिर्गकालिन व्ययभार पर्ने कार्यक्रमको सम्बन्धमा स्रोत जुटाउने विकल्प सहित कार्यक्रम तय हुनुपर्दछ। छात्रवृत्तिको लागि न्यून संख्यामा परेको आवेदनले छात्रवृत्ति कार्यक्रमको प्रचारप्रसार प्रभावकारी भएको भन्न सकिने आधार स्पष्ट छैन। यस्ता कार्यक्रमहरु विद्यालय स्तरमा सूचना प्रसारण गरी वास्तविक लक्षित वर्गका विद्यार्थीहरुलाई लाभान्वित गराउन तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र स | विद्यार्थीको नाम | अध्ययनको विषय | छात्रवृत्ति रकम |
|---|---|---|---|
| १ | लोकेन्द्र चन्द | बि ई सिभिल | १०००००।०० |
| २ | सुनिल चन्द | बि ई सिभिल | १०००००।०० |
| ३ | मनोज सिहं महता | बि ई सिभिल | १०००००।०० |
| ४ | अरुण सिह धनाडी | बि ई आई टि | १०००००।०० |
| ५ | दिपक सिहं साउद | बिसिए | ५००००।०० |
| ६ | धिरेन्द्र सिहं साउद | बिसिए | ५००००।०० |
| | जम्मा | | ५०००००।०० |

२२ **आकस्मिक कोष वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० बमोजिम स्थानीय तहले स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गर्न सक्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाएको देखियो। कोषको रकम खर्च गर्दा विपन्न व्यक्तिको नाम सुचीकृत गरी कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहे पनि पालिकाले देहायका व्यक्तिलाई विपन्न सूचीमा सूचीकृत भए नभएको यकिन नगरी रकम वितरण गरेको पाईएको छ। पालिकाले यस तर्फ सुधार गरी कोषको व्यवस्थित तवरले परिचालन गर्नुपर्दछ।

| क्र स | व्यक्तिको नाम | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|
| १ | संगिता रावल | १५००० | विपन्न सुचीमा सुचीकृत नगरी |
| २ | प्रेम चन्द | १०००० | विपन्न सुचीमा सुचीकृत नगरी |
| ३ | जानकी देवी तिर्वा | ८००० | विपन्न सुचीमा सुचीकृत नगरी |
| ४ | तुलसी साउँद | ८००० | विपन्न सुचीमा सुचीकृत नगरी |
| | जम्मा | ४१००० | |

२३ **अनुदान वितरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष पालिकाको पुँजिगत बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्महरुलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म

छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन। तसर्थ अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ।

| **क्र स** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | अमित अङ्कित होजियारीलाई धागो तथा अन्य खरिद गरी हस्तान्तरण | ४००००००।०० |
| २ | कृषक सहयोग केन्द्रबाट १५ जनालाई पोली हाउस खरिद तथा वितरण | ९७५००।०० |
| ३ | जय पोल्ट्री फर्म, शिवनाथ ३ | ३००००।०० |
| ४ | बाख्रा सुधार कार्यक्रम एन डि एस डी कृषि तथा पशुपन्छि फर्म, शिवनाथ १ | ३५०००।०० |
| ५ | तेर्छावटा पोल्ट्रीकृषि पशुपालन बहुउद्धेश्यीय फर्म | २००००।०० |
| ६ | रिदम पोल्ट्री फर्म, शिवनाथ १ | ३००००।०० |
| ७ | सचिन एण्ड आशिस पोल्ट्री फर्म, शिवनाथ २ | २००००।०० |
| ८ | एल एम कृषि तथा पन्छि बहुउद्धेश्यीय कृषि फर्म | ३००००।०० |
| ९ | सुदर्शन पोल्ट्री फर्म, शिवनाथ ४ | ३००००।०० |
| १० | गौतम कृषि तथा पशुपन्छि फर्म, शिवनाथ ६ | ३५०००।०० |
| ११ | प्रियंका बाख्रापालन फर्म शिवनाथ १ | ३५०००।०० |
| १२ | उदयदेव कृषि तथा पशुपन्छि फर्म, शिवनाथ ५ | ३५०००।०० |
| १३ | एन डि एम डी कृषि तथा पशुपन्छि फर्म, शिवनाथ ३ | ३५०००।०० |
| १४ | नागर्जुन कृषि तथा पशुपन्छि बहुउद्धेश्यीय फर्म, शिवनाथ ३ | २००००।०० |
| १५ | शिवनाथ मौरिपालन बहुउद्धेश्यीय फर्म, ६ | २००००।०० |
| १६ | शिद्दनाथ बाख्रा तथा कुखुरा बहुउद्धेश्यीय फर्म, शिवनाथ २ | २००००।०० |
| १७ | विन्दास कृषि तथा बहुउद्धेश्यीय फर्म, शिवनाथ ५ | ३००००।०० |
| १८ | पि एस कृषि तथा पशुपन्छि फर्म, शिवनाथ १ | २००००।०० |
| १९ | दलित नर्सरी उद्योगबाट बोट खरिद तथा वितरण | १०८०००।०० |
| २० | कृषक सहयोग केन्द्रबाट विउ खरिद तथा वितरण | १४५७००।०० |
| २१ | रविन्द्र बहुउद्धेश्यीय फर्मबाट विरुवा खरिद तथा वितरण | ९११३६।०० |
| २२ | कृषक सहयोग केन्द्रबाट किटनासक औषधि खरिद तथा वितरण | १९५०००।०० |
|  | जम्मा | १४८२३३६।०० |

२४ **खेलकुद कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ मा खरिद कारवाहिको तयारी अन्तर्गत खरिद योजना बनाई सोही अनुसार विधिवत रुपमा लागत अनुमान तयारी गरी ऐन नियमावलीमा तोकिएको कुनै खरिद विधि छनौट गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ मा खर्चको प्रकृति अनुसार बजेट खर्च शिर्षकको ब्याख्या गरेको छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न समयमा खेलकुद कार्यक्रम अन्तर्गत खरिद योजना र लागत अनुमान बेगर सोझै व्यक्ति वा संस्थालाई पेश्कीको रुपमा रकम उपलव्ध गराई खेलकुदका सामाग्री, खेलाडी तथा प्रशिक्षकको पोशाक, खाना खाजा तथा होटेल बास खर्च, यातायात खर्च, लयागत वापत पुँजिगत खर्च शिर्षकबाट रू २३२१७९२।०० खर्च गरेको छ। चालु प्रकृतिको खर्चलाई पुँजिगत शिर्षक कायम गरी गरेको कार्यबाट बजेट अनुशासन भएको भन्न सकिने देखिएन। त्यसै गरी पालिकाले यो वर्ष खेलकुदमा खर्च गरेको रकम कूल पुँजिगत बजेट खर्चको २.३३ प्रतिशत हुन जान्छ। खरिद नियम कानूनमा भएको कुनै एउटा विधिको अधिनमा रहि खरिद कार्य गर्नुका साथै बजेटरी नियन्त्रणको सिद्वान्त अनुरुप तयार भएको बजेट व्यवस्थापन सम्बन्धी नीतिगत प्रावधान समेतलाई ख्याल गर्दै खरिद तथा खर्च व्यवस्थापन हुनुपर्दछ। पालिकाले आफ्नो आवधिक योजनाले तय गरेको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी दिर्गकालिन लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्दछ।

| **भौ न मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ३१।८।१३ | भलिवल खेल संचालन | १५००००।०० |
| ४६।९।२३ | वडा न ५ भलिवल खेल संचालन | १५००००।०० |
| ५२।९।२५ | वडा न ३ भलिवल खेल संचालन | १५००००।०० |
| ५९।१०।७ | वडा न १ भलिवल खेल संचालन | १०००००।०० |
| ७१।१०।१० | वडा न ६ भलिवल खेल संचालन | १५००००।०० |
| ७५।१०।१७ | वडा न ७ खेलकुद रनिङ् सिल्ड प्रतियोगिता संचालन | १०००००।०० |
| ७८।१०।१७ | वडा न ४ भलिवल खेल संचालन | १५००००।०० |
| ८१।१०।१८ | रनिङ् सिल्ड कार्यक्रम | ५६३२८९।०० |
| १५४।१२।४ | वडा न २ खेलकुद कार्यक्रम विविध | ७२८००।०० |
| २३३।१२।१८ | जिल्ला स्तरीय रनिङ सिल्ड | १०८२००।०० |
| २३४।१२।१८ | जिल्ला स्तरीय रनिङ सिल्ड | ११८७६०।०० |
| २४०।१२।१८ | रनिङ सिल्ड प्रतियोगिताका लागि विद्यालय व्यवस्थापन खर्च | २२५०००।०० |
| २४१।१२।१८ | खेलाडीको लागि ड्रेस खरिद तथा वितरण | १८३७४३।०० |
| ४०५।३।२० | रनिङ सिल्ड प्रतियोगिताको विद्यालयलाई पुरुस्कार | १०००००।०० |
| | जम्मा | २३२१७९२।०० |

## २५ वितरण भरपाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा विनियोजित बजेट खर्च गर्दा रीत पुर्वकको कागजातको आधारमा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष सुत्केरीलाई कोशेली कार्यक्रम अन्तर्गत पालिकाका विभिन्न स्वास्थ्य चौकीमा रू ४९१२६७।०० को सुत्केरीलाई चाहिने विभिन्न सामाग्रीहरुको प्याकेज वितरण गरेकोमा निम्नानुसार उक्त स्वास्थ्य चौकीहरुमा दर्ता भएका सुत्केरीको संख्या संग भिडान गर्दा सुत्केरी संख्याको आधारमा वितरण भएको देखिदैन। जसले गर्दा कुनै स्वास्थ्य चौकी मौज्दात रहने र कुनैमा नपुग्ने अवस्था देखियो। कार्यक्रमको उद्वेश्य अनुसार सबैलाई समान व्यवहार हुनुपर्दछ।

| भौ न मिति | विवरण | स्वास्थ्य ईकाइको नाम | सुचिकृत सुत्केरी संख्या | वितरण भरपाई भएका संख्या | घटी बढि |
|---|---|---|---|---|---|
| ११५।११।१५ | सुत्केरी सामाग्री प्याकेज | नागार्जुन आ स्व चौकी | ४३ | ४० | ३ घटि |
| | | शिवनाथ स्वा चौकी | १७ | २५ | ८ बढि |
| | | श्रीपुर आ स्व चौकी | ३९ | ३० | ९ घटि |
| | | उदयदेव स्वा चौकी वडा न ५ | ३१ | ४५ | १४ बढि |
| | | उदयदेव स्वा चौकी वडा न ४ | ४२ | ३० | १२ घटि |
| | | सामुदायिक स्वा ई वडा न ४ | २३ | ३० | ७ बढि |
| | | सर्मौली स्वा चौकी | ९९ | ५० | ४९ घटि |
| | | जम्मा | २९५ | २५० | ४५ घटि |

२६ **मालसमान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्नेव्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन । मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ ।

| क्र स | भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | १६८।१२।६ | सुर्योदय सोलार एण्ड ट्रेडर्स | सोलार ब्याट्रिहरु | १८००००।०० |

२७ **अमानतबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ। पालिका अन्तर्गत पालिकाको भवनमा विजुली जडान गर्न विभिन्न फर्मबाट बिजुलीका सामग्री खरिद गरी रू.६१८५१४।०० भुक्तानी गरेको छ भने बिजुली बत्ती जडान गर्न दुई कामदारलाई रू.१६७७०६।०० समेत गरी कार्यालयमा विद्युत जडान गर्ने कार्यमा रू.७८६२२०।०० खर्च गरेको देखियो। नियमावलीको प्रावधान विपरीत अमानतबाट काम गराइ भुक्तानी गरेकोले नियमित गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ७,८६,२२० |

२८ **नियम पालन नगरी बिज्ञापन खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **५,२४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,८३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## २९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका रहने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ३० राजस्व असुली

महाकाली नदिबाट नदिजन्य पदार्थ विक्री गर्ने प्रयोजनको लागि श्री आयुष चन्द संग मिति २०७९।१२।२२ मिति २०८१।३।३० सम्म म्याद रहने गरी सम्झौता भएको छ। नदिजन्य पदार्थको लागत अनुमान तयार गर्दा प्रदेश सरकारले तोकेको तर र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित परिमाणको आधारमा लागत अनुमान तयार गर्नु पर्दछ। तर पालिकाले आ व २०७९।८० को ३ महिना ८ दिन र आ व २०८०।८१ को १२ महिना को लागि सम्झौता गर्ने गरी लागत अनुमान तयार गर्दा आर्थिक वर्ष २०८०।८१ को लागि तोकिएको दरलाई आधार लिनु पर्ने देखिन्छ।जस अनुसार सम्झौता अवधिको ८० प्रतिशत म्याद आर्थिक वर्ष २०८०।८१ मा पर्ने र २० प्रतिशत म्याद २०७९।८० मा पर्ने देखिएबाट प्रतिवेदनमा उल्लिखित ४०५० घन मिटरको २० प्रतिशत प्रतिघन मिटर रू १०६।०० को आधारमा र ८० प्रतिशत रू १४१।१५ को आधारमा गणना गर्दा न्यूनतम अनुमान रू ५४३१०५।०० हुन जान्छ। जस अनुसार ठेकेदार आयुष चन्दले कवोल गरेको रू ४६५०००।०० हुनुपर्ने न्यूनतम अनुमान भन्दा रू.७८१०५।०० घटी अनुमान हुन गएको देखियो। अत घटि अनुमान भएको राजस्व र सो मा लाग्ने मु अ कर समेत सम्बन्धित ठेकेदारबाट असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,२५८ |

## ३१ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय समानिकरण अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७२४४७०००।०० | ४४५५८९३।४० | ६.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको हिस्सा ६.१५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ३२ विज्ञापन कर

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन २०८० मा होर्डिङ्‌ वोर्ड ब्यानर तथा माईकिङ्‌ मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन । त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन

सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

३३ **नदि जन्य पदार्थमा रोयल्टी**

ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा न ९ मा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गको नदिजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गतका महाकाली नदिका घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्वेश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ४०५० घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ । पालिकाले सोही परिमाणलाई आधार लिएर ठेक्का लगाउनु पर्दछ। तर पालिकाले सोही परिमाणलाई आधार लिई ठेक्का लगाई रोयल्टी रू ४६५०००।०० मा ठेक्का सम्झौता भई राजस्व असुल भएको देखियो। पालिकाबाट प्राप्त जानकारी अनुसार उल्लिखित कानूनी व्यवस्था अनुसारको अनुगमन भएको देखिदैन। तसर्थ के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

३४ **अनुगमन**

सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा न १२ माअनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्दि गराउनु पर्दछ ।

| **क्र स** | **स्रोत** | **संचालित योजनाहरु** | **बजेट खर्च** |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | सुल्लेखान शर्माली नागर्जुन घाट सडक निर्माण तथा स्तरोन्नति | ६०७०८५६।०० |
| | | सुल्लेखान शर्माली नागर्जुन साउगडा बछला सडक निर्माण तथा स्तरोन्नति | ६०५४४९३।०० |
| | | सुल्लेखान शर्माली नागर्जुन घाट सडक निर्माण तथा स्तरोन्नति दोस्रो चरण | २११२५५७।०० |
| | | सुल्लेखान शर्माली नागर्जुन साउगडा बछला सडक निर्माण तथा स्तरोन्नति | ० |
| २ | संघीय बिशेष अनुदान | नभएको | ० |
| **जम्मा** | | | **१४२३७९०७।००** |
| १ | प्रदेस समपुरक अनुदान | नभएको | ० |
| २ | प्रदेश विशेष अनुदान | खुलपुर खेलमैदान स्तरोन्नति | १३१३५०५।०० |
| ३ | | भडिगाडा सिचाई योजना | २९६२६४४।६७ |
| **जम्मा** | | | **४२७६१४९।००** |
| **कूल जम्मा** | | | **१८५१४०५६।००** |

३५ **राजस्व बाँडफाट**

सुदूर पश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं. १४ मा पालिकाले नदिजन्य पदार्थको बिक्रीबाट संकलित राजस्वको साठि प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गरी ४० प्रतिशत सम्बन्धित प्रदेशको सञ्चित कोषमा दाखिला गर्नु पर्ने उल्लेख छ। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा वापत रू ४६५०००।०० संकलन गरेकोमा प्रदेश संचित कोषमा पठाएको देखिएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी यो वर्ष संकलन भएको नदिजन्य पदार्थको बिक्रीशुल्कको ४० प्रतिशतले हुने रकम सुदूरपश्चिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८६,००० |

### ३६ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन, २०४७ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ । पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरे नगरेको सम्बन्धम अनुगमन हुन सकेको छैन। पालिकाको संचित कोषमा नियमानुसार दाखिला हुनु पर्ने कुनै रकम दाखिला भएको अवस्था देखिदैन । यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ ।

### ३७ जे सि वि भाडा

कार्यपालिकाले पालिकाको जेसिभी भाडामा दिदा ईन्धन बाहेक प्रति घण्टा रू १५००।०० र ईन्धन सहित प्रतिघण्टा रू ४०००।०० भाडादर तोकिएको छ। पालिकाको आफ्नो जेसिभी निम्नानुसार व्यक्तिलाई भाडामा लगाएकोमा पेश भएको लगबुक अनुसार रू. २२४८५०।०० असुल हुनुपर्नेमा रू. २०४०००।०० मात्र असुल भएकोले नपुग रकम असुल हनुपर्दछ।

| क्र स | भाडामा लिने व्यक्तिको नाम | लगबुक अनुसार ईन्धन सहित भाडामा रहेको घण्टा | लगबुक अनुसार ईन्धन सहित भाडामा रहेको घण्टा | असुल हुनुपर्ने भाडा रकम | असुल भएको भाडा रकम | नपुग भाडा रकम |
|---|---|---|---|---|---|---|
| १ | मान सिहं धामी | ७६ | ३ | १२१५००।०० | १०४०००।०० | १७५००।०० |
| २ | महेन्द्र चन्द | ६८.९ | ० | १०३३५०।०० | १०००००।०० | ३३५०।०० |
| | जम्मा | | | 224850 | 204000 | २०८५०।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,८५० |

### ३८ आयठेक्कामा मु अ कर

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मुअकर असुल गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार नदिहरुबाट

नदिजन्य पदार्थ आय ठेक्का मार्फत विक्री गरेको र घाट तार उतार कार्य समेत ठेक्का मार्फत शुल्क उठाएकोमा मुअकर संकलन गरेको देखिएन। अत रोल्यटी वापत संकलित रू. ६२११००।०० को १३ प्रतिशतले हुने मु अ कर रू. ८०७४३।०० र सोमा लाग्ने नियमानुसारको व्याज समेत सम्बन्धितहरुबाट असुल हुनु पर्दछ ।

| सि न | नदिको नाम तथा विवरण | आय ठेकेदारको नाम | संकलित रकम | मु अ कर वापत असुल हुनुपर्ने रू |
|---|---|---|---|---|
| १ | महाकाली नदिका घाटहरु | आयुष चन्द | ४६५०००।०० | ६०४५०।०० |
| २ | घाट तार उतरा नागार्जुन घाट | लोकेन्द्र चन्द | १०१०००।०० | १३१३०।०० |
| ३ | घाट तार उतार कस्मौत घाट | हिक्मत साउद | ५५१००।०० | ७१६३।०० |
| | जम्मा | | ६२११००।०० | ८०७४३।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,७४३ |

## ३९ क्रसर उद्योगबाट बिक्री शुल्क

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची ६ मा हिमाली तथा पहाडी जिल्लामा नदिजन्य पदार्थको बिक्रीशुल्क प्रति क्यू फिट रू ४।०० अर्थात प्रति घन मिटर मुअकर बाहेक रू १४१।१५ उल्लेख भएको र सोही ऐनको दफा ८ को उपदफा ३ मा उक्त बिक्री शुल्क सम्बन्धित स्थानीय तहले संकलन गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय बैतडी बाट निर्माण कार्य भै रहेको यस पालिका अन्तर्गत पर्ने पाटन पञ्चेश्वर सडक निर्माण अन्तर्गतको पञ्चेश्वर मेलौली खण्डको कार्यको लागि ठेकेदार कन्काई कुमार एसके जेभीले पालिकाको वडा न. ६ मा विगत तीन वर्ष देखि क्रसर उद्योग सञ्चालन रहेको जानकारी प्राप्त भयो। उक्त क्रसर उद्योगले सोही स्थानबाट संकलन गरिएको ढुंगा प्रयोग गरी गिट्टि उत्पादन गर्ने गरेको जानकारी प्राप्त भयो। अतः उक्त सडक आयोजनामा पूर्वाधार विकास कार्यालय बैतडीबाट प्राप्त विवरण अनुसार १४ औ रनिङ् विल सम्म प्रयोग भएको निम्नानुसार गिट्टिको परिमाणको प्रदेश आर्थिक ऐनले तोकेको दरमा हुने बिक्री शुल्क रू. ६९२५९२।०० र सोमा लाग्ने मुअकर समेत हुने रू. ७८२८२८।०० सम्बन्धित निर्माण व्यवसायीबाटअसुल गर्नुपर्दछ। त्यसैगरी यस आयोजनाले करिव रू.१५ करोड भन्दा बढिको वाल निर्माण र ढुंगाको सोलिङ जस्ता कार्य गरेको देखिएकोले उक्त निर्माण कार्यमा प्रयोग भएको ढुंगा समेतको स्रोत एकिन गरी राजस्व असुल हुनुपर्दछ।

| Item made of aggregates | Qty of Item in Cum | Qty of Aggregates for per Cum of Item | Qty of aggregates | Royaltis for per cum of aggregates | Royalty amount |
|---|---|---|---|---|---|
| Providing and Laying Plum Concrete | 5632 | 0.573 | 3227 | 141.15 | 455510.2464 |
| Providing and Placing M10/40 Concrete | 221.84 | 0.9 | 200 | 141.15 | 28181.4444 |
| Providing and Placing M20/40 RCC | 1644.43 | 0.9 | 1480 | 141.15 | 208900.1651 |
| Total | | | | | 692591.8559 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८२,८२८ |

## ४० क्रसर उद्योगलाई अस्थाई अनुमति

ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को बुँदा नं. ११ मा क्रसर उद्योग संचालनको लागि आवश्यक मापदण्ड तथा कार्यविधि निर्धारण गरिएको छ। यस मापदण्डमा नयाँ स्थापना हुने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन उत्खनन गर्ने कच्चा पदार्थको स्थान क्षेत्रफल परीमाण समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समाबेश गर्नु पर्ने हुन्छ। त्यसै गरी क्रसर उद्योग राजमार्गको राइट अफ वे बाट ५०० मिटर र नदि वा खोला किनारबाट ५०० मिटरको दुरीमा मात्र संचालन गर्नु पर्ने उल्लेख छ। यस मापदण्ड अनुसार प्रचलित कानून बमोजिम स्थापना भएको क्रसर उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रहि संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण प्रत्येक वर्षको भाद्र महिनाभित्र सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्येसै गरी प्रत्येक वर्षको लागि असार मसान्त भित्र आफ्नो

उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ। क्रसर उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क सम्बन्धित स्थानीय तहलाई बुझाए पछि मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाउने व्यवस्था छ। उल्लिखित व्यवस्था पालना नगर्ने क्रसर उद्योगलाई सम्बन्धित स्थानीय तहले बन्द गर्न सम्बन्धित निकायलाई सिफारिस समेत गर्ने सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय बैतडी बाट निर्माण कार्य भै रहेको यस पालिका अन्तर्गत पर्ने पाटन पञ्चेश्वर सडक निर्माण अन्तर्गतको पञ्चेश्वर मेलौली खण्डको कार्यको लागि ठेकेदार कन्काई कुमार एसके जेभीले पालिकाको वडा न. ६ मा विगत तीन वर्ष देखि क्रसर उद्योग सञ्चालन रहेको जानकारी प्राप्त भयो। क्रसर उद्योगले उल्लिखित मापदण्ड अनुसार कच्चा पदार्थको स्रोत सहितको विवरण तथा वार्षिक मौज्दात तथा उत्पादन परिमाणको विवरण पालिकालाई पेश गरेको देखिएन। उक्त क्रसर उद्योगले मापदण्डको पालना गरे नगरेको वा के कति परिमाणमा ढुंगा तथा वालुवाको उत्खनन तथा उत्पादन गरेको सम्बन्धमा कुनै अनुगमन भएको देखिदैन। पालिकाले उक्त क्रसर उद्योगको आवश्यक अनुगमन गरी कानून बमोजिम भएको सुनिश्चि हुनुपर्दछ।

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ६ वटा वडाहरुमा १२ वटा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यो बर्ष ८२ जनालाई रोजगारी उपलव्ध गराई रू.५५,२८,०००।ज्याला खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४२ **निकासा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ६ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. १९४०२३८२।०० दोस्रो त्रैमासिकमा रु. १९४४३३८५।०० तेस्रो त्रैमासिकमा रु. १९४८८८२१।०० र चौथो त्रैमासिकमा रु. १९४८६४९०।०० समेत रु.७७८२१०७८।०० निकासा गरेको छ।

४३ **मृतकको खातामा भत्ता निकासा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(२ र ४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएकोदिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले विभिन्न वडाको लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकबाट प्राप्त भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अद्यावधिक गरी मृत्यु भएका तथा विवरण अद्यावधिक नगराएका लाभगाह्रीको लगत कट्टी गरी बैंकलाई रकम निकासा गर्नु पर्नेमा मृत्यु भएका व्यक्तिको खातामा समेत रकम जम्मा गरेको छ। अत: मृत्यु भएका व्यक्तिको खातामा निकासा भएको बढी रकम सम्बन्धित खाता बाट फिर्ता ल्याई संघीय संचित कोषमा फिर्ता गर्नु पर्दछ।

| क्र. सं. | नाम | वडा नं. | मृत्यू भएको मिति | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | खुर्पादेवी सुतार | ५ | २०८०।५।५ | ७३३३।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३३३ |

४४ **बसाईसराई भएकाहरुको लगत स्थानान्तरण नगरिएको**

सामाजिक सुरक्षा ऐन २०७४ को दफा १९ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाई सरी अन्यत्र गएमा लगत स्थानान्तरण गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नाम अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ। नमुना परीक्षणमा निम्नानुसार व्यक्तिको बसाई सराई गरेर गएको अवस्थामा पनि लगत स्थानान्तरण समयमै गरेको देखिदैन। तसर्थ लगत स्थानान्तरण समयमै गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

| क्र स | नाम | वडा नं. | नागरिकता नं. | बसाईसराई मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | राधा ठकुरानी | ५ | २६१ | २०८०।०९।०२ | ४८००० |

## ४५ अनुगमन तथा निरीक्षण

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) मा पालिका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको आवधिक निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले अनुगमन तथा निरीक्षण कार्य गरेको पाइएन। यस तर्फ पालिकाको ध्यान जानुपर्दछ।

## ४६ पारदर्शिता

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

## ४७ स्यानीटरी प्याड

स्यानीटरीप्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरणगर्ने बिद्यालयले विद्यार्थीको नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्ने व्यवस्था छ। पालिकाले स्यानिटरी प्याड खरिद तथा व्यवस्थापनमा यो वर्ष रू ९०४०५२।०० खर्च गरेको छ। खरिद भएको स्यानीटरी प्याडको स्पेसिफिकेसन अनुसार भए नभएको परीक्षण समेत गरेको देखिएन। त्यस्तै गरी पालिकाले पेश गरेको विद्यार्थीगत भरपाई विवरणमा निम्नानुसार २४५५० पिस मात्र वितरण गरेको छ। पालिकामा मौज्दात रहेको स्यानीटरी प्याडको वितरण गर्नु पर्ने तर्फ ध्यान दिनु पर्छ।

## ४८ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी विवरण | | | | पदपुर्ती विवरण | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | |
| १ | श्री नागार्जुनमा.वि., शर्माली, शिवनाथ-२, बैतडी | १३ | २ | ० | ५ | १३ | २ | ० | ५ | ७३३ |
| २ | श्री पिपलकोट मा.वि., लोजनी, शिवनाथ-४, बैतडी | ३ | ८ | ० | १ | ३ | ८ | ० | १ | २८८ |
| ३ | श्री हिरापुर मा.वि., बसेडी, शिवनाथ-६, बैतडी | ३ | ३ | ० | ४ | ३ | ३ | ० | ४ | २१३ |
| ४ | श्री शारदा मा.वि., कुंड मटेला, शिवनाथ-१, बैतडी | ४ | 3 | ० | २ | ४ | ३ | ० | २ | ३६३ |
| ५ | श्री चन्द्रदेवलमा.वि., स्वलपला, शिवनाथ-४, बैतडी | ३ | २ | ० | ४ | ३ | २ | ० | ४ | ३१० |
| ६ | श्री उदय मा.वि., कफाडी, शिवनाथ-५, बैतडी | ३ | ० | ० | ४ | ३ | ० | ० | ४ | २४२ |
| ७ | श्री श्रीपुर मा.वि., पुडिल बछला, शिवनाथ-३, बैतडी | ३ | १ | १ | ४ | ३ | १ | १ | ४ | ४१४ |
| ८ | श्री भगवती आ.वि., तेर्छाबाटा, शिवनाथ-१, बैतडी | १ | ० | १ | ६ | १ | ० | १ | ६ | २३४ |
| ९ | श्री जिम्मेश्वरआ.वि., बसेडी, शिवनाथ-६, बैतडी | २ | ० | १ | ४ | २ | ० | १ | ४ | २३८ |
| १० | श्री कृष्ण आ.वि., कानली, शिवनाथ-६, बैतडी | ३ | १ | ० | ३ | ३ | १ | ० | ३ | ११३ |
| ११ | श्री नागार्जुन आ.वि., कुंड, शिवनाथ-१, बैतडी | ० | २ | ० | ६ | ० | २ | ० | ६ | २२० |
| १२ | श्री शिवपुर्ण मा.वि., लामाखाली, शिवनाथ-५, बैतडी | २ | २ | ० | ५ | २ | २ | ० | ५ | २४९ |
| १३ | श्री युवावर्ष आ.वि., बस्कोटी, शिवनाथ-२, बैतडी | २ | १ | १ | ३ | २ | १ | १ | ३ | ३२१ |
| १४ | श्री केदारनाथ आ.वि., पौंखर, शिवनाथ-२, बैतडी | १ | ० | १ | १ | १ | ० | १ | १ | १४५ |
| १५ | श्री भवानीपुर आ.वि., कोपरे, शिवनाथ-४, बैतडी | २ | ० | ० | १ | २ | ० | ० | १ | ३९ |
| १६ | श्री भुमिराज आ.वि., फट्केढुङ्गा, शिवनाथ-२, बैतडी | ० | २ | ० | २ | ० | २ | ० | २ | १८९ |
| १७ | श्री गंगेश्वर आ.वि., मकैल, शिवनाथ-४, बैतडी | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ८४ |
| १८ | श्री गर्भेश्वर आ.वि., पोखरेटी, शिवनाथ-३, बैतडी | ० | २ | ० | १ | ० | २ | ० | १ | ४० |
| १९ | श्री कैलपाल आ.वि., खकलाई, शिवनाथ-५, बैतडी | २ | ० | ० | १ | २ | ० | ० | १ | ९६ |
| २० | श्री केदारनाथ आ.वि., सकरा, शिवनाथ-३, बैतडी | ० | २ | ० | १ | ० | २ | ० | १ | ४२ |
| २१ | श्री खम्पाल आ.वि., बगार, शिवनाथ-४, बैतडी | ० | १ | ० | २ | ० | १ | ० | २ | ३३ |
| २२ | श्री नवदर्गा आ.वि., कुङ्नेफाटा, शिवनाथ-४, बैतडी | ० | २ | ० | १ | ० | २ | ० | १ | ९५ |
| २३ | श्री निर्पालदेवआ.वि., पोखरा, शिवनाथ-२, बैतडी | १ | १ | ० | २ | १ | १ | 0 | २ | १६८ |
| २४ | श्री सरस्वती आ.वि., बोडब्या, शिवनाथ-१, बैतडी | १ | ० | ० | २ | १ | ० | ० | २ | १०५ |
| २५ | श्री शंकरपुर आ.वि., दन्नी, शिवनाथ-५, बैतडी | ० | ० | १ | २ | ० | ० | १ | २ | ५९ |
| २६ | श्री शिद्धनाथ आ.वि., खालखोपरे, शिवनाथ-२, बैतडी | ० | २ | ० | १ | | २ | | १ | ४५ |
| २७ | श्री नुवाकोट आ.वि., विनपते, शिवनाथ-५, बैतडी | १ | | ० | १ | १ | ० | ० | १ | २६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | श्री लाटेश्वर आ.वि., लिखाडी, शिवनाथ-४, बैतडी | | | | १ | | | | १ | ३९ |
| २९ | श्री भर्राभवानीआ.वि., बण्ड | | | | | | | | | १३९ |
| ३० | श्री त्रीवेणी आ.वि., तुडी | | | | | | | | | ३९ |
| ३१ | श्री राजपुर आ.वि., साउगडा | | | | | | | | | ६३ |
| ३२ | श्री सरस्वती आ.वि., दुबला, शिवनाथ-१, बैतडी | | | | | | | | | ४६ |
| ३३ | श्री महाकाली आ.वि., कस्मौत | | | | | | | | | ८२ |
| ३४ | श्री शारदा आ.वि., कुलाकोट | | | | | | | | | ५१ |
| जम्मा | | ५३ | ३७ | ६ | ७० | ५३ | ३७ | ६ | ७० | ५५६३ |

४९ **आइसिटी ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

| क्र.स. | विद्यालयको नाम | कार्यक्रम | निकाशा रकम |
|---|---|---|---|
| १ | श्री पिपलकोट मा वि लोजनी | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| २ | श्री उदय मा वि कफाडी | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| | जम्मा | | १३०००००।०० |

५० **न्यानो झोला**

स्थानीयतह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम) २०८०/८१ को बुँदा न १२ मा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम अन्तर्गत ५५० गोटरू.७८० (मु.अ.कर बाहेक) का दरले हुने जम्मा रू.४८४७७०।०० को खरिद गरिएको छ। न्यानो झोला आपूर्ति भै सकेपछि अस्पतालहरुले स्पेशिफकेशन अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले गुणस्तर चेक जाँच गरेको देखिएन। पालिकाले स्पेशिफिकेसन अनुसार भए नभएको चेक जाँच गरी गुणस्तर एकिन गर्नुपर्दछ।

५१ **औषधि मौज्दात विवरण**

औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ। कार्यालयले उपलव्ध गराएको औषधि मौज्दात विवरण अनुसार विभिन्न प्रकारका ३७०७७ औषधी**date expired** भएको देखियो। मिति २०८१।०५।१२ मा लेखापरीक्षणको क्रममा भएको स्टोर निरिक्षण अवधी सम्म पनि उक्त औषधिहरुलाई मौज्दात घटाई मौज्दात विवरण व्यवस्थित गरेको पाईएन।औषधिको अभिलेख व्यवस्थापन दुरुस्त हुनुपर्दछ। निरिक्षणको क्रममा देखिएका केही औषधिको विवरण निम्नानुसार छन।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

### ५२ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष औषधि खरिदमा रू.२७८२४०३।००खर्च गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको बिक्री मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाणसंलग्न गरेको देखिएन।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाईड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन।
- आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ५३ औषधि खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार औषधि खरिद पालिकाको पुँजिगत रुपमा विनियोजित बजेटबाट सोझै खरिद गरेको देखियो।त्यसै गरी संघीय सशर्त तर्फ पनि औषधि खरिदमा खर्च भएको हुन्छ। नियमावलीको उल्लिखित प्रावधान अनुसार खरिदलाई सुविधाजनक प्याकेजिङ्ग गरेको देखिएन।औषधि खरिदलाई प्रतिस्पर्धात्मक र मितव्ययी बनाउन पालिकाको ध्यान जानुपर्दछ।

| भौ न मिति | औषधि आपुर्तिकर्ता | औषधि खरिद रकम | विनियोजित बजेट |
|---|---|---|---|
| १६।७।१६ | महाकाली सेती भेटनरी मेडिकल स्टोर | ६३४७४३।०० | पालिका पुँजिगत |
| २८५।२।७ | नेपाल भेट फर्मा | ९७५००।०० | पालिका पुँजिगत |
| २१।८।१३ | मेघा मेडिसिन सप्लायर्स | १४९९५०१।०० | पालिका पुँजिगत |
| ४७।९।२३ | अरोमा मेडिको फर्मा | १०००००।०० | पालिका पुँजिगत |
| १४।७।१६ | कृषक सहयोग केन्द्र | ३८७४८०।०० | पालिका पुँजिगत |

### ५४ कृषि विषादी तथा सामाग्री व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ सार्वजनिक निकायले खरिद गरेर वा अन्य कुनै प्रकारले प्राप्त भएको सरकारी जिन्सी मालसमानहरु मूल्य खुल्ने गरी र सम्बन्धित प्राविधिक समेतले समय समयमा के कस्तो अवस्थामा छ परीक्षण समेत गरी प्रमाणित गरी लगत राख्नु पर्ने जिम्मेवारी भण्डार प्रमुख र कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिकाले यो वर्ष कृषकहरुलाई सहयोग गर्ने उद्वेश्यले खरिद गरिएका विषाधि, विउ विजन तथा अन्य कृषि सम्बन्धि सामाग्रीहरुको खरिद, मौज्दात र वितरणको विवरण परीक्षण गर्दा भिडेको देखिएन। यस सम्बन्धमा जानकारी लिदा भण्डारबाट नै मुसा ले खाने, वाहिरका मानिसले विना जानकारी उठाउर लिने गरेकाले मौज्दात हुनुपर्ने भन्दा कम देखिएको बुझियो। नमुना परिक्षणको रुपमा केही सामाग्रीको भिडान विवरण निम्नानुसार छन। न्यून मौज्दात देखिएको कृषि सामाग्रीको भरपाई पेश हुनु पर्दछ अन्यथा सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्दछ।

| सामाग्रीको नाम | खरिद गरिएको परिमाण | वितरण गरिएको परिमाण | हुनुपर्ने मौज्दात | भएको मौज्दात | नपुग परिमाण | मूल्य रकम |
|---|---|---|---|---|---|---|
| येलो ट्र्याप | ७५० | ३४७ | ४०३ | ० | ४०३ | २४१८०।०० |
| निम केयर | २०० | १९८ | २ | ० | २ | १८०।०० |
| अदुवाको विउ | ५३१ | ४८० | ५१ | ० | ५१ | ८१६०।०० |
| जम्मा | | | | | | ३२५२०।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५२० |

## ५५ कन्टेन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.२३ लाख ३५ हजार खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

| क्र.स. | कन्टिन्जेन्सीको विवरण | खर्च रकम |
|---|---|---|
| 1. | ज्याला | १३८५१६० |
| 2. | दैनिक भ्रमण भत्ता | १०७००० |
| 3. | इन्धन | ० |
| 4. | मर्मत | ० |
| 5. | मसलन्द | ४९५००० |
| 6. | निर्माण खर्च{ | ० |
| 7. | अन्य | ३४८०४० |
| 8. | जम्मा | २३३५२०० |

## ५६ बोलपत्रको मुल्याङ्कन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन गरेका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३७ प्रतिशत देखि ४७ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५४ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| क्र स | कामको विवरण | निर्माण ब्यबसायीको नामर ठेगाना | सम्झौतार भुक्तानी सम्बन्धी विवरण | | लागत अनुमान भन्दा कवोल अङ्क घटेको प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लागत अनुमान विवरण | सम्झौतारकम | |
| १ | खुलपुर खेलमैदान सुधार तथा विस्तार | शिवनाथ नागर्जुन निर्माण सेवा | २४१३६१२।०० | १२९०७०३।०० | ४७.००% |
| २ | सुल्लेखान सर्माली नागार्जुन बछाली सडक निर्माण तथा स्तरोन्नति दोस्रो चरण | सिम्रन ईन्जिनीयरीङ | ३५३४५२५।०० | १९७०२०८ | ४४.००% |
| ३ | सुल्लेखान सर्माली नागार्जुन घाट सडक निर्माण तथा स्तरोन्नति दोस्रो चरण | सिम्रन ईन्जिनीयरीङ | ३५२५२९०।०० | २११९१९२।०० | ४०.००% |
| ४ | सुल्लेखान सर्माली नागार्जुन घाट सडक निर्माण तथा स्तरोन्नति | अर्चना निर्माण सेवा | ९६४४७४८।०० | ६०८१२०४।०० | ३७.००% |
| ५ | सुल्लेखान सर्माली नागर्जुन बछला सडक स्तरोन्नति | राजधानी कन्स्ट्रक्सन | ९६४५३८१।०० | ६०२८३४३।०० | ३७.००% |

## ५७ कार्य सम्पादन जमानतको म्याद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष ठेक्का सम्झौता भएका निम्नानुसार योजनामा ठेकेदारले तोकिएको भन्दा न्यून अवधिको म्याद भएको कार्य सम्पादन जमानत पेश गरेको अवस्थामा पनि ठेक्का सम्झौता भएको देखियो । अत सम्बन्धित निर्माण व्यावसायीबाट पुर्ण अवधिको कार्य सम्पादन जमानत पेश गराउनु पर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौताको अन्तिम मिति | कार्यसम्पादन जमानतको म्याद | कार्य सम्पादन जमानतको हुनु पर्ने म्याद |
|---|---|---|---|---|
| बसुला सडक निर्माण | शिवनाथ नागर्जुन कन्स्ट्रक्सन | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |
| खुलपुर खेलमैदान विस्तार तथा सुधार | शिवनाथ नागर्जुन निर्माण सेवा | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |
| भाडिगाड सिचाई कुलो तथा पोखरी निर्माण | अनिता कन्स्ट्रक्सन | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |
| सुल्लेखान सर्माली नागार्जुन बछाली सडक निर्माण तथा स्तरोन्नति दोस्रो चरण | सिम्रन ईन्जिनीयरीङ | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |
| सुल्लेखान सर्माली नागार्जुन घाट सडक निर्माण तथा स्तरोन्नति दोस्रो चरण | सिम्रन ईन्जिनीयरीङ | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |
| गाँउपालिका सभाहल निर्माण | सिम्रन ईन्जिनीयरीङ | २०८१।३।१० | २०८२।३।१० | २०८२।४।१० |

## ५८ सम्झौताको कार्यान्वयन

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसेकमा प्रति दिन सम्झौता अङ्कको १० प्रतिशत ननाघ्ने गरी शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति सार्वजनिक निकायलाई निज निर्माण व्यासायीले दिनुपर्ने व्यवस्था छ। यस पालिकाअन्तर्गत संचालित निम्नानुसार निर्माण कार्यको शुरु सम्झौता अवधि पश्चात थप भएको सम्झौताको म्याद भित्र समेत कार्य सम्पन्न हुन सकेको देखिएन। अत सम्झौता अवधि समाप्त भए पश्चात २०८१ असार मसान्त सम्मको अवधिको निम्नानुसार पुर्व निर्धारित क्षतिपुर्ति सम्बन्धमा पालिकाले आवश्यक्तानुसार निर्णय गरी असुल हुनुपर्दछ।

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता अङ्क | शुरु सम्झौता अवधि | थप अवधि | म्याद समाप्त भएको अवधि | पुर्व निर्धारित क्षतिपुर्ति रू |
|---|---|---|---|---|---|---|---|
| १ | नागार्जुन मा वि भ ८ कोठे भवन निर्माण | भिभा कन्स्ट्रक्सन एण्ड ईन्जिनीयरीङ कन्सर्न | ६१७८५३६।०० | २०७८।८।९ देखि २०८०।२।१० सम्म | २०८०।९।३० सम्म | १८० दिन | ५५६०६८।०० |
| | जम्मा | | | | | | ५५६०६८।०० |
| | | | | | | असुल गर्नुपर्ने | ५,५६,०६८ |

## ५९ लागत अनुमान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा विभागीय नर्मस र स्वीकृत दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा विभागीय नर्मसको पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष सुल्लेखान शर्माली नागर्जुन घाट सडक निर्माण कार्यको लागत अनुमान स्वीकृत गरी सोही अनुसार वोलपत्र आहवान गरी अर्चना निर्माण सेवासँग ठेक्का सम्झौता भएको छ । उक्त निर्माण कार्यको लागत अनुमानको नमुना परीक्षण गर्दा निम्नानुसार आइटमहरुमा बढी दरमा लागत अनुमान तयार भएको देखियो। पालिकाले सडक निर्माण गर्दा विभागीय नर्मस सडक विभागबाट जारी Norms for rate anyalysis as per standard specification for road and bridge works लाई प्रयोग गर्नुपर्नेमा डोलिडारको नर्मस प्रयोग गरेको देखियो। बोलपत्र प्रक्रीयामा निम्नानुसार आइटममा घटेर कबोल भै सम्झौता भएको देखिएता पनि लागत अनुमान तयार गर्दा बढी दर कायम भएको देखियो। लागत अनुमान तयार गर्दा सान्दर्भिक नर्मस र दर प्रयोग गर्नुपर्दछ।

| कार्य आईटम | लागत अनुमान अनुसार कायमदर | वास्तविक लागत अनुमानअनुसार कायम हुनु पर्ने दर | सम्झौताको दर | परिमाण | बढी लागत अनुमान हुन गएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| Providing and laying works of stone masonry in 1:6 | 13835.32 | 11340.36 | 7000 | 109.55 | 273262.00 | सडक विभागले निर्धारण गरेको नर्मसमा पालिकाले तयार गरेको दर अनुसार गणना गर्दा कायम भएको दरलाई हुनुपर्ने दर मानिएको। |
| PCC 1:1.5:3 | 21924.46 | 18570.39 | 12000 | 45.28 | 151917 | सडक विभागले निर्धारण गरेको नर्मसमा पालिकाले तयार गरेको दर अनुसार गणना गर्दा कायम भएको दरलाई हुनुपर्ने दर मानिएको। |

६० **न्यून प्रगति**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सोही दफाको उपदफा ८ मा त्यसरी अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने र सम्झौता बमोजिमको बाँकी काम गर्न आवश्यक रकम समेत सम्बन्धित सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । पालिकासंग सम्झौता गरेका निम्नानुसार निर्माण व्यवसायीले शुरु सम्झौता अवधिको कारिव ३०० प्रतिशत भन्दा बढि समयावधि व्यतीत भैसक्दा समेत भौतिक तथा वित्तीय प्रगति ६० प्रतिशत भन्दा न्यून रहेको देखिएकोले ऐनमा भएको व्यवस्था अनुरुप सम्झौता बमोजिमको कार्य प्रगति गरेको पुष्टि हुदैन। यस सम्बन्धमा पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

| योजनाको नाम | ठेकेदारको नाम | सम्झौता रकम | हाल सम्मको भुक्तानी | वित्तीय प्रगति | सम्झौता मिति | शुरु सम्झौता अवधि | म्याद थप भएको अवधि | शुरु सम्झौता पश्चात व्यतीत अवधि | म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १० सैया अस्पताल भवन निर्माण | के एस मित्र जेभी | ७०३७४२५०।५२ | ०।०० | ० | २०७८।१।२० | ३६ महिना | ६ महिना | ४ महिना | १७ |
| नागार्जुन मा वि भ ८ कोठे भवन निर्माण | भिभा कन्स्ट्रक्सन एण्ड ईन्जिनीयरीङ कन्सर्न | ६१७८५३६।०० | ४०५६०८०।०० | ६५ | २०७८।८।९ | १८ महिना | ६ महिना | १५ महिना | ८३ |
| वडा न १ आधारभुत स्वास्थ्य कार्यालय भवन | वेहडा बाबा निर्माण सेवा | २५१३२७५।०० | १४५५१३५।०० | ५८ | २०७७।२।११ | १२ महिना | ६ महिना | ३६ महिना | ३०० |

६१ **एजविल्ट ड्रईङ्ग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले निर्माण सम्पन्न गरेका विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। सम्झौता समेतमा एज विल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था हटाएको देखियो। कानुनको भएको व्यवस्थाको पालना हुनुपर्दछ।

६२ **सडक बोर्डतर्फको कार्यक्रम**

सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वय मार्गदर्शनमा स्थानीय अन्तर्गतको सडकको कूल अनुमानित लागतको ३० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार योजनामा सडक बोर्ड र पालिकाले व्यहोरेको स्रोत अनुपात मिलेको देखिएन। निम्नानुसार २ योजनाको कूल लागत रू ३८०२२६३।०० मध्ये ३० प्रतिशत पालिकाले र

७० प्रतिशत सडक बोर्डले व्यहोर्नु पर्ने अवस्थामा निम्नानुसार रू.११४०६७८।०० र रू.२६६१५८४।०० सडक बोर्डबाट भुक्तानी हुनुपर्ने देखिएकोमा पालिका र सडक बोर्ड स्रोतबाट क्रमस रू.९२९७२१।०० र ८३८८९१।०० भुक्तानी भएको देखिएकोले उल्लिखित २ योजनाको लागि पालिका र सडक बोर्डको स्रोतबाट क्रमस रू. २१०९५७।०० र रू.१८२२६९३।०० भुक्तानी हुनुपर्ने देखियो। बाँकी रकम भुक्तानी गर्दा तोकिएको अनुपात मिलाउनु पर्दछ।

| क्र स | योजनाको नाम | ठेकेदारको नाम | कूल लागत | पालिका स्रोतबाट भुक्तानी हुनुपर्ने | सडक बोर्डको स्रोतबाट भुक्तानी हुनुपर्ने | पालिका स्रोतबाट भुक्तानी भएको | सडक बोर्डबाट बढि भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ओलेबसेडी सडक निर्माण मर्मत सम्भार | अनिता कन्स्ट्रक्सन | २७५३६५१।०० | ८२६०९५।०० | १९२७५५५।०० | ७२००००।०० | ० |
| | छैलाबारु पिपलको सडक मर्मत स्तरोन्नति | मोतिलाल कन्स्ट्रक्सन | १०४८६१२।०० | ३१४५८३।०० | ७३४०२८।०० | २०९७२१।०० | ८३८८९१।०० |
| | | | ३८०२२६३।०० | ११४०६७८।०० | २६६१५८४।०० | ९२९७२१।०० | ८३८८९१।०० |

## ६३ बीमा नगरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यको बीमा गराउनु पर्ने र सो कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजिकरण गरिदिनु पर्ने व्यवस्था छ। पालिका अन्तर्गत उपभोक्ता समिति मार्फत निम्नानुसार रू २० लाख भन्दा बढिको निर्माण कार्य भएकोमा नियममा तोकिए बमोजिम गराएको देखिदैन। तोकिए बमोजिम बीमा गरी निर्माण कार्यमा रहेको जोखिम व्यवस्थापन हुनुपर्दछ।

| क्र स | विवरण | लागत रकम |
|---|---|---|
| १ | उदय मा वि २ कोठे भवन निर्माण उ स | २२५३०७३।०० |
| २ | खाल खैरेनी घाट सडक निर्माण उ स | २४२३४३८।०० |

## ६४ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिनुपर्ने गरी खरिद सम्झौता गर्दा काम पुरा हुनुपर्ने भनि तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो बाँकी पेश्की रकमको म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज र साँवा एकमुष्ठ बुझाउनु पर्ने कुरा सम्झौतामा नै उल्लेख गरी असुल गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा पेश्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भएको नपाइएमा सम्बन्धित पक्षले पेश गरेको बैङ्क जमानत जफत गर्नुपर्ने उल्लेख छ। पालिकाले १० सैयाको अस्पताल भवन निर्माणको लागि के एस जेभी लाई मिति २०७८।१।२० मा दिएको पेश्की रू ६१ लाखको पेश्की जमानतको म्याद सकिएको करिव २८ महिना वितिक्दा समेत पेश्की फछ्र्यौट भएको छैन। जमानत नभएको पेश्कीलाई म्याद नाघेको पेश्की सरह मानिन्छ। त्यसै गरी बैङ्क जमानत बिना पेश्की रकम उपयोग गराउन दिनु भनेको प्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई लाभ हुने सुविधा दिएको देखिन्छ। पेश्की सम्बन्धमा नियमावलीमा भएको व्यवस्था अनुसार ब्याज असुल गरी सम्बन्धित प्रयोजनको लागि कार्ययान्वयन भई सम्झौता अनुसार पेश्की फर्स्यौट हुनुपर्दछ। (आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण प्रतिवेदनमा लगती बेरुजू कायम भएकोले सैद्दान्तिक व्यहोरा कायम गरिएको)

## ६५ अस्पताल भवन निर्माण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको

अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलब्ध गर्नु पर्ने कुनै कुरा उपलब्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा शुरु सम्झौताको अवधिको १५ प्रतिशत सम्म बोलपत्र स्वीकृत गर्ने व्यक्तिले, २५ प्रतिशत सम्म विभागीय प्रमुखले र सो भन्दा बढि अवधि मन्त्रालयको सचिवले म्याद थप गर्न सक्ने व्यवस्था छ। एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत १० शैया) अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८ बैशाख २० गते के एस जेभी र यस पालिका विच भएको सम्झौता भएको सम्झौता अनुसार २०८१ बैशाख २० गते भित्र कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू ७०३७४२५०।००(मु अ कर सहित) भएकोमा हाल लेखापरीक्षण अवधि सम्म कुनै भुक्तानी भएको छैन। निर्माण स्थल उपलव्ध गराउन नसकिएको, डिपिआर स्वीकृत नभएको तथा डिजाइन परिवर्तन भएको लगायतको कारण देखाइ २०८१ कार्तिक २० गते सम्म कार्यपालिकाको निर्णयले म्याद थप गरेकोमा भौतिक प्रगति सन्तोषजनक देखिएन। ३६ महिना सम्झौता अवधि रहेको निर्माण कार्य ४० महिना व्यतीत हुदा सम्म वित्तीय प्रगति शुन्य हुनु स्वभाविक देखिदैन। थपिएको सम्झौता अवधि सकिन करिव १ महिना बाँकी रहेको अवस्थामा सबै पिलरहरु उठाएको र केही स्ल्याव र गारोको काम भएको देखिन्छ। खरिद पुर्वका सबै कार्य गरेर मात्र ठेक्का सम्झौता नभएको कारणले निर्माण कार्यमा विलम्व भएको देखिन्छ। खरिद सम्झौताको कार्यान्वियन हुनु पर्दछ।



६६ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट एच डि पि ई पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरु तथा व्यक्तिहरुलाई वितरण गरी खर्च लेखेकोमा उक्त पाईपहरुको जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन । के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनु पर्दछ।

| क्र स | भौ न मिति | आपुर्तिकर्ताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ४०६।३।२० | बन्दना हार्डवेयर एण्ड सप्लायर्स | पाईप खरिद | ७०१३२०।०० |
| | | | प्रमाण पेश नगरेको | ७,०१,३२० |

६७ **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा विल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष गो.भौ. नं. ९४।१०।२२ बाट तल्लिपल्लि खानेपानी तथा सिचाई पाइप खरिद योजना अन्तर्गत पाइपलाईन खन्ने कार्यको कमलो माटोको दर रू ८७५।५० प्रति घ मि राखेकोमा सोही पाइपलाइन पुर्ने कार्यको कडा माटोको दर रू ५२५।३० प्रति घन मिटर राखी भुक्तानी गरेको देखियो। पाइपलाइन खनेको माटोले नै पुर्ने कार्य हुने भएकोले खानेपानीको नर्मस अनुसार प्रति घन मिटर पुर्न ०.५० (शुन्य दशमलव पचास) म्यान डेजका आधारमा हुने रू. ४३७।७५ हुनु पर्नेमा अन्यथा हुँदा ७३.७९ घन मिटर पुर्ने कार्यको रू ६४८०।०० बढी भुक्तानी भएको रकम सम्बन्धित लाभग्राहीबाट असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ६,४८० |
|---|---|

## ६८ सव कन्ट्याक्टर तथा हेभि ईक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ। यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको बिल बिजकबाट समेत देखिन्छ। निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो। तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी तथा हेभि ईक्विपमेण्टको प्रयोग गराएकोमा ऐन नियमको उल्लिखित उद्देश्यले सार्थकता प्राप्त गरेको देखिएन । उपभोक्ता समितिलाई दिएको काममा निर्माण व्यवसायीलाई समावेश गरेको कार्य नियमित हुनुपर्दछ।

| भौ न मिति | उपभोक्ता समितिको नाम | निर्माण सम्पन्न ठेक्का विल | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|---|
| ८२।१०।१८ | सुल्लेखान कफाडी सडक निर्माण उ स | १०१७४७९।०० | ७६१३६१।०० | एस वि निर्माण सेवा | ७४००००।०० |
| १३६।११।१८ | श्री शिवपुर्ण आ वि लामाखाली फिल्ड निर्माण उ स | ३९९३८५।०० | ३२४८२४।०० | एस वि निर्माण सेवा | ३२१०००।०० |
| १३९।११।१८ | कुलकोट बुकुल्ला सडक निर्माण उ स | ४७१६१४।०० | ३६६१३१।०० | एस वि निर्माण सेवा | ३५००००।०० |
| २५०।१।३० | सुल्लेखान कपाडी सडक निर्माण उ स | ९०७५२०।२० | ७६२३१७।०० | अनिता कन्स्ट्रक्सन | ७६००००।०० |
| ३१२।२।१४ | चड्याखान विनपत्ते सडक निर्माण योजना उ स | ११६०२२५।०० | ९२१४१२।०० | एस वि कन्स्ट्रक्सन | ९०५६०९।०० |
| ३३८।२।३२ | बसर देखि वडा कार्यालय सम्म सडक मर्मत उ स | ११४२८५७।०० | ९६००००।०० | शिवनाथ नागर्जुन कन्स्ट्रक्सन | ८०२१४२।०० |
| | जम्मा | | | | ३८७८७८१।०० |

| | |
|---|---|
| अनियमित भएको | ३८,७८,७८१ |

६९ **सम्परीक्षण**

६९.१ यस आ व मा स्थलगत लेखापरीक्षणको अवधिमा संपरीक्षणको लागि पेश भएको निम्नानुसार विवरण सँग सम्बन्धित कागजात परीक्षणबाट देखिएका व्यहोहरु निम्नानुसार छन।

| बेरुजु कायम भएको आ व | संपरीक्षणको लागि भएको अनुरोध रकम | संपरीक्षण भएको रकम |
|---|---|---|
| २०७७/७८ | २९००० | २९००० |
| २०७७/७८ | १८००००० | १८००००० |
| २०७७/७८ | ११६४००० | ११६४००० |
| २०७७/७८ | २४०७००० | २४०७००० |
| २०७८/७९ | १८००००० | १८००००० |
| २०७८/७९ | ५९४००० | ५९४००० |
| २०७९/८० | १८००००० | १८००००० |

६९.२ **लागत सहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा लागत अनुमानमा राखेको जनसहभागिताको अंश कटाएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ व २०७८।७९ मा हिरापुर मा वि भवन निर्माणको ८२ प्रतिशत लागत कार्यालयले व्यहोर्ने गरी सम्झौता गरेको छ। कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताव अनुसार तयार प्राविधिक बिल अनुसार रू २१११२५४।०० को ८२ प्रतिशतले हुने रू. १७३१२२८।०० मात्र भुक्तानी हुनुपर्नेमा रू. १८ लाख भुक्तानी दिएकोले रू. ६८७७१।०० बढि भुक्तानी भएको देखियो। विद्यालयबाट अनुपातिक कट्टि नमिलेको भनि रू ३६४७१।०० बेरुजु दाखिलाको प्रमाण पेश भएकोले बाँकी रू ३२३००।०० असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,३०० |

७० **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार डिपिआर वापत आ व २०७९।८० मा रू ९ लाख २ हजार ८७० र यो वर्ष रू २४ लाख ७८ हजार २३८ समेत विगत २ वर्षमा रू ३३ लाख ८१ हजार खर्च भएको देखियो । कार्यान्वियन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

| आ व २०९।८० मा खरिद गरिएका परामर्श सेवाहरु | | | | |
|---|---|---|---|---|
| क्र स | परामर्श सेवाको विवरण | परामर्शदाताको नाम | कूल खर्च रकम | अध्ययनबाट निर्धारण भएको योजनाको लागत |
| १ | सुल्लेखान सिमार लिफ्ट खानेपानी डिपिआर निर्माण | आयिका रिसर्च एण्ड कन्सल्ट्याण्ट प्रा लि धनगढी | ४४७४८०।०० | ८३४७५७३।१२ |
| २ | पोखरेटी लिफ्ट खानेपानी डिपिआर | बिटकम ईन्भाइरो एण्ड ईन्जिनियरीङ | ४५५३९०।०० | ६८५००००।७१ |
| | Total | | ९०२८७०।०० | १५१९७५७३।८३ |
| आ व २०८०।८१ मा खरिद गरिएका परामर्श सेवाहरु | | | | |
| १ | शर्माली लिफ्ट खानेपानी योजना | जोशि ईन्जिनीयरीङ | १५७९३३२।७५ | ४३ करोड |
| २ | भू उपयोग गुरुयोजना निर्माण | म्यापर्श नेपाल ईन्जिनीयरीङ कन्सल्टेन्सी | ८९८९०६।०० | योजना निर्माण |
| | | | २४७८२३८।७५ | |

७१ **प्रमाण नपुगेको निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले सम्पादन गरेको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट उपभोक्ता समिति मार्फत संचालित निम्नानुसार निर्माण कार्यमा हेभि मेसिन तथा एक्साभेटर प्रयोग गर्ने गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई नै कार्य सुम्पिएकोमा उपभोक्ता समितिले पेश गरेको कागाजतबाट निम्नानुसार मेसिनबाट हुने कार्य बापतको खर्चको सम्बन्धमा मेसिन प्रयोग भएको बिल वा प्रमाण पेश गर्नुपर्ने अन्यथा प्रमाण नपुगेको भुक्तानी रकमबाट उपभोक्ता समितिको अंश कटाई असुल हुनुपर्दछ।

| योजनाको नाम | निर्माण कार्य | परिमाण घ मि | मेसिनको दर प्रति घ मि | हुनुपर्ने मेसिन प्रयोगको विल रकम | पेश भएको मेशिन प्रयोगको विल रकम | विजक जारी गर्ने निर्माण व्यवसायी | नपुग प्रमाण रकम |
|---|---|---|---|---|---|---|---|
| कुलकोट बुकुन्ना सडक नि उ स | अर्थवर्क एक्जाभेसन | ४३९६ | ११०।४३ | ४८५५०५।५ | ३५००००।०० | एस वि निर्माण सेवा | १३५५०५।५० |
| चड्याखान विनपत्ते सडक निर्माण उ स | अर्थवर्क एक्जाभेसन | ९९२३ | ११६।९२ | ११६०२२५।०० | ९०५६०९।०० | एस वि निर्माण सेवा | २५४६१६।२० |
| बसर देखि वडा कार्यालय सम्म सडक मर्मत योजना उ स | अर्थवर्क एक्जाभेसन | ७७०२ | १२९।०० | ९००५१७।८० | ८०२१४२।०० | शिवनाथ नागर्जुन कन्स्ट्रक्सन | ९८३७५।८४ |
| जम्मा | | | | | | | ४८८४९७।५४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८८,४९६ |

७२ **प्रमाण नपुगेका निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी कितावमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा खरिदको विल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु.

| भौ न मिति | योजनाको नाम | कामको विवरण | निर्मित संरचना परिमाण | आवश्यक सिमेण्ट परिमाण ब्यागमा | पेश भएको विल अनुसार परिमाण | प्रति ब्याग पिसिसिको लागत | बढि भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११४।११।१४ | मल्लखेत बगर सिचाई कुलो निर्माण उ स | Stone Massonry 1:6 | 15.20 | 32.22 | 25 | 2714.85 | 50018.00 | 6.4 bag per cum of PCC 1:2:4 and 2.12 bag for per cum of Cs 1:6 |
| | | PCC 1:2:4 | 1.75 | 11.2 | | | | |
| १८१।१२।९ | श्री सरस्वती आ वि फिल्ड निर्माण | PCC 1:2:4 | 3.71 | 23.75 | 60 | 2714.85 | 64478.00 | 6.4 bag per cum of PCC 1:2:4 and 2.12 bag for per cum of Cs 1:6 |
| | | Stone Massonry 1:6 | 28.24 | 60 | | | | |
| ३७६।३।१० | काल्ला खुडखुडी सिचाई निर्माण योजना | PCC 1:2:4 | 7.53 | 48 | 40 | 2714.85 | 21718.75 | 6.4 bag per cum of PCC 1:2:4 |
| १७८।१२।८ | भैसिगन देखि गैर सम्म सिचाईकुलो निर्माण योजना | Stone Massonry 1:6 | 3.2 | 6.7 | 40 | 2714.85 | 39093.75 | 6.4 bag per cum of PCC 1:2:4 and 2.12 bag for per cum of Cs 1:6 |
| | | PCC 1:2:4 | 7.44 | 47.62 | | | | |
| | जम्मा | | | | | | 175308.50 | |

| असुल गर्नुपर्ने | १,७५,३०७ |
|---|---|

७३ **प्रयोग नभएको ग्याविनको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ न ४०३।३।२० बाट भुमिराज हरित पार्क निर्माण योजना अन्तर्गत 3x1x1 को ६ बक्स, 2x1x1 को २३ बक्सर 1.5x1x1 को १५ बक्स खरिद गरेकोमा जम्मा ६४.५ घन मिटर मात्र ग्याविन भरेको देखिएकोले 2x1x1 को ११ बक्स प्रयोग भएको देखिएन। अतः प्रयोग नभएको ग्याविनको खरिद वापत भुक्तानी भएको प्रति बक्स रू ३८३३।८२ का दरले हुने ४२१७२।०० सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | ४२,१७२ |
|---|---|

७४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षणबाट औल्याइएका ब्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्योट भै सक्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको यो वर्षको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका निम्नानुसार व्यहोराहरु लेखापरीक्षण अवधिमा फस्र्योट भएको नदेखिएकोले नियमानुसार फस्र्योट हुनुपर्दछ।

७४.१ **अग्रिम कर कट्टिः** गनागाड झोलुङ्गे पुल निर्माण वापत भुक्तानी गर्दा ढुवानी वापतको भुक्तानीमा रू ६९००।०० ढुवानी रकममा बहाल कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा करकट्टी भएको नदेखिएकोले बहालकर कट्टि गरी दाखिला गर्नुपर्दछ।

| असुल गर्नुपर्ने | ६,९०० |
|---|---|

७४.२ **<u>असुल गर्न बाँकी राजस्वः</u>**

पालिकाले आर्थिक ऐनमा तोकिए बमोजिम मेसिनरी उपकरण भाडामा लगाई विक्री सेवा शुल्क असुल गर्नु पर्दछ। पालिकाले JCB भाडामा लगाए वापत देहाय बमोजिमका व्यक्तिहरुबाट जेसिभी भाडा असुल गर्न बाँकी रहेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

| क्र स | साधनको नाम | असुल गर्नुपर्ने व्यक्तिको नाम | असुल गर्न बाँकी रकम |
|---|---|---|---|
| 1 | JCB | मानसिह धामी | १७०००।०० |
| 2 | JCB | सुरेन्द्र साउद | १२०००।०० |
| 3 | JCB | उमेश चन्द | ११००००।०० |
| 4 | JCB | बिक्रम धनाडी | १२०००।०० |
| | जम्मा | | १५१०००।०० |

| असुल गर्नुपर्ने | १,५१,००० |
|---|---|

७४.३ खर्चको प्रमाणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उप नियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न सूचना सम्प्रेषण वापत लोकेन्द्र बहादुर रानालाई रु १५०००।०० भुक्तानी भएकोमा सूचना प्रशारण भएको प्रमाण सहित सम्बन्धित संचार गृह तथा विज्ञापन एजेन्सीको बिल बिजक पेश भएको देखिएन। तसर्थ आवश्यक बिल भरपाई तथा सूचना सम्प्रेषण गरेको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल हुनुपर्दछ।

| प्रमाण पेश नगरेको | १५,००० |
|---|---|

७५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो कार्यविधि तयार गरेको देखिएन।
- सम्पूर्ण कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणालीमा समेटिनु पर्नेमा आंशिक मात्र कारोबार सुत्र प्रणालीबाट गरिएको देखियो।
- वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।

- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेको देखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो गरेको देखिएन।
- स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम चौथो त्रैमासिकमा खर्च गरेको देखियो।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा त्यस्तो खरिद योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रीय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा उपभोक्ता समितिहरु मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर पालिकामा गठन भएका उपभोक्ता समितिहरु सो ऐन बमोजिम दर्ता गेरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२, ९३ र ९४ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्बन्धमा भण्डार प्रमुख, कार्यालय प्रमुख तथा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाएको छ। कार्यालयमा २०८१ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण अद्यावधिक गर्नुपर्नेमा त्यस्तो मौज्दा विवरण तयार गरेको देखिएन।

### ७६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु प्रत्येक वर्षको फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले ऐनमा उल्लिखित त्यस्तो समितिगठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### ७७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आर्थिक वर्षको नीति तथा

कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७८ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८० असार १० गते रू. ३८ करोड ९८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० असार २७ गते पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८० असार ३२ गते प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजनाको व्यवस्थापन गर्नु पर्दछ ।

७९ **योजना तर्जुमा तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक तथा उत्पादनमूलक योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रु १ लाख भन्दा कमका १०८ योजनामा रू.७७लाख २९ हजार ४७१, रु १ लाख देखि रु ५ लाख सम्मका १४१ आयोजनामा रु २ करोड ८७ लाख ६६ हजार खर्च गरेको छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिर्गकालिन लाभ हुने दिगो योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरुको संख्यात्मक विवरण निम्नानुसार छन।

| **विवरण** | **योजना संख्या** | **खर्च रकम रु** |
|---|---|---|
| ० | २७ | ० |
| १ लाख सम्म | १०८ | ७७२९४७१ |
| १ देखि ५ लाख सम्म | १४१ | २८७६६२०२ |
| ५ देखि १० लाख सम्म | २४ | १६३३१६८९ |
| १० देखि २० लाख सम्म | १० | १३९९५२३० |
| २० देखि ५० लाख सम्म | ८ | १७६१०९४५ |
| ५० लाख देखि माथी | ३ | १५१८८०६८ |
| जम्मा | ३२१ | ९९६२१६०५ |

८० **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको तोकिए बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। तोकिए बमोजिमको ढाँचामा वार्षिक विवरण बनाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | ४० | ६ | १ | १ | १ | ३१ | १६२७८८१३ |
| ३११०० | ३२१ | ४७ | ५ | १ | १० | २५८ | ९९६२१६०५ |
| जम्मा | ३५१ | ५३ | ६ | २ | ११ | २८९ | ११५९००४१८ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३५१ कार्यक्रम तथा आयोजना मध्ये शून्य प्रगति हुने ५३ कार्यक्रम छन।
- ७५ प्रतिशत भन्दा वढी प्रगति हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २८९ रहेको छ ।
- शून्य प्रगति हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा बजेट भए पनि कार्यक्रम कार्यान्वियन नगरेको कारण ५३ योजनाको प्रगति शून्य भएको देखियो।
- ३५१ आयोजना मध्ये खर्च नै नभएको ५३ योजना तथा कार्यक्रम बाहेक २९८ योजना तथा कार्यक्रममा रू.११ करोड ५९ लाख खर्च गरेको छ। लक्ष्य अनुसारको प्रगति हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ।

८१ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ। जस अनुसार यो वर्षरू.९ करोड ९६ लाख २२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.४१ लाख ४५ हजार अर्थात ४.१६ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.१ करोड ४६ लख २१ हजार अर्थात १४.६८ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.३ करोड ६६ लाख ६६ हजार अर्थात ३६.८१ प्रतिशत र चौथो त्रैमासिकमा रू.४ करोड ४१ लाख ८९ हजार अर्थात ४४.३६ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू.२ करोड ३७ लाख ८६ हजार अर्थात २३.८८ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलन हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ९९६२१६०५ | ४१४४६१० | १४६२१३२३ | ३६६६६३२१ | ४४१८९३५१ | २३७८६२२२ |
| प्रतिशत | १०० | ४.१६ | १४.६८ | ३६.८१ | ४४.३६ | २३.८८ |

८२ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी एक अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी अवकास कोषमा रू. १० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त कोष व्यवस्थापन कानुन बमोजिम हुनुपर्दछ।

८३ **तलवी प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं. १८० मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीको तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलव खर्च गरेको छ। पालिकाले परिपत्र अनुसार कोलेनिकाबाट तलवी प्रतिवेदन पारित नगराई रू. १ करोड ८४ लाख ५७ हजार तलव खर्च लेखिएकोलेभुक्तानी गरिएको तलव भत्ता तथा ग्रेड रकम सम्बन्धमा एकिन गर्न सकिएन। ऐन तथा परिपत्रको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

८४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २७ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८५ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले स्वास्थ्य चौकीहरूको विभिन्न पदमा ६६ कर्मचारीहरु करारमा राखी रू. १६२७४१००।१८ खर्च लेखेको छ। स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा राख्ने परिपाटीमा सुधार हुनु पर्दछ। पालिकाले व्यवस्थापन सर्वेक्षण गरी सोको आधारमा दरबन्दी कायम गरी स्थायी पदपूर्ति गर्नुपर्दछ।

८६ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ निम्नानुसार अन्य कर शिर्षक अन्तर्गत रू.३० लाख आय प्राप्त गर्ने अनुमान गरेकोमा प्राप्त विवरण अनुसार उक्त शिर्षकमा रू. ८८०१७। २७ मात्रै र समग्र अन्य शिर्षक अन्तर्गत रू. ४४५५८९३।४० आय प्राप्त गरेको छ। अर्थात अनुमान भन्दा ४८.४२ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ३१४५०।०० |
| भुमिकर मालपोत कर | ० | ३२३८६७।७३ |
| बहाल कर | ० | ४२३३३७।०० |
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ० | १३१२२८।०० |
| अन्य कर | ३००००००।०० | ८८०१७।२७ |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ९६९०००।०० |
| अन्य सेवाशुल्क तथा विक्री | ० | २००।०० |
| न्यायिक दस्तुर | ० | १६००।०० |
| परीक्षा शुल्क | ० | १९५००।०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १७१४००।०० |
| सिफारिस दस्तुर | ० | ७७९४३१।०० |
| व्यक्तिगत घटना दर्ता शुल्क | ० | २००९००।०० |
| नाता प्रमाणित दस्तुर | ० | ५१४५०।०० |
| अन्य दस्तुर | ० | १३६९८०।४० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ११७६०५।०० |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ५००।०० |
| अन्य क्षेत्रको आय | ० | ३८८३६३।०० |
| न्यायिक दण्ड जरिवाना र जफत | ० | १०००००।०० |
| अन्य राजस्व | ० | ३८१०४४।०० |
| व्यवसाय कर | ० | ७४००।०० |
| बेरुजू | ० | १३२७२०।०० |
| जम्मा | ३००००००।०० | ४४५५९९३।४० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८७ **राजश्व अभिलेख**

कार्यालयबाट यो वर्ष जम्मा रू.४४५५८९३।४० राजश्व आम्दानी गरेकोमा दैनिक राजस्व आम्दानी खाता लगायतका राख्नुपर्ने मलेप फारम तथा अभिलेखहरु नराखेको र प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्ने गरेको देखिएन। जसले गर्दा प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को उठ्न बाँकी राजस्व के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै

रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यस सम्बन्धमा तहाँ कार्यालयबाटै नियमित अनुगमन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्‍याउनु पर्दछ ।

८८ **जग्गा उपयोग मापदण्ड**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ। पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन। स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ। पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन। पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्बजनिक सम्पतिको संरक्षण र उपयोग सम्बन्धी नीति र मापदण्ड बनाउनु पर्दछ। साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ।

८९ **ढिला राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव २ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो। यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

९० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्येसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा स्थानीय तहले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

९१ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहायबमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदानको प्रकार | प्राप्त | खर्च | बाकी | फिर्ता गर्नुपर्ने | फिर्ता गरेको | फिर्ता गर्न बाकी |
|---|---|---|---|---|---|---|---|
| | शसर्त अनुदानचालु | १६२३२१००० | १३१३२३२३४.९८ | ३०९९७७६५.०२ | ३०९९७७६५.०२ | ३४३०२७६५.०२ | -३३०५०००. |
| | शसर्त अनुदान पुँजीगत | ७५०००००० | ६५०१११३ | ९९८८८७ | ९९८८८७ | ९९८८८७ | ० |
| | विषेश अनुदान चालु | ३५०००००० | ० | ३५०००००० | ३५०००००० | १९५००० | ३३०५०००. |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| संघीय सरकार | समपुरक अनुदान पुँजीगत | ७५०००००० | ७५०००००० | ० | ० | ० | ० |
| | शसर्तअनुदान चालु | ५५०००० | ५४७८०० | २,२००.०० | २,२००.०० | २२०० | ० |
| | शसर्त अनुदान पुँजीगत | २९०००००० | २८९१७९८ | ८,२०२.०० | ८,२०२.०० | ८२०२ | ० |
| | विषेश अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| | विषेश अनुदान पुँजीगत | ४५३६१४९ | ४५३६१४९ | ० | ० | ० | ० |
| प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १८८८०७१४९ | १५३३०००९४.९८ | ३५५०७०५४.०२ | ३५५०७०५४.०२ | ३५५०७०५४.०२ | ० |

## ९२ गत विगतका वर्षको पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने र दिने दुवैको कर्तव्य हुने व्यवस्था छ। पालिकाले फर्म तथा संस्थालाई दिएको गत विगत वर्षको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१०१६८६२।०० बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ।(गत विगत वर्षमै पेश्की बेरुजु जनाइएको हुनाले लगती कायम नगरिएको)

| सि.नं. | विवरण | पेश्की लिएको नाम | रकम |
|---|---|---|---|
| संस्थागत पेश्की | | | |
| १ | डोसेरा गाड हिरापुर झो.पु. वडा नं ६ बालि खोला झो.पुवडा नं १गनागाड फेल्टा मटेला गाड बगारर सेला कोपारे झो.पु शिवनाथ गाउँपालिका बैतडी | श्री त्रिवेणी स्वस्थ्य वातावरण समुह | ३१९१३०।०० |
| २ | डोसेरा गाड हिरापुर झो.पु. वडा नं ६ बालि खोला झो.पुवडा नं १ गनागाड फेल्टा मटेला गाड बगारर सेला कोपारे झो.पु शिवनाथ गाउँपालिका बैतडी | श्री त्रिवेणी स्वस्थ वातावरण समुह | ४७०१९४।०० |
| व्यक्तिगत पेश्की | | | |
| ३ | सुरक्षित नागरिक आवस कार्यक्रम (५२) | नरि राम तिर्वा | २५८४६।०० |
| ४ | घर मर्मत -मुक्त हलिया पुनस्थापना कार्यक्रम | मनि कोलि | ७५०००।०० |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम- थप बजेट | रति पार्की | २५८४६।०० |
| ६ | सुरक्षित नागरिक आवास कार्यक्रम- थप बजेट | रमेश सिंह साउद | २५८४६।०० |
| ७ | घर मर्मत -मुक्त हलिया पुनस्थापना कार्यक्रम | सुरेश राम सुनी | ७५०००।०० |
| | जम्मा | | १०१६८६२।०० |

## ९३ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सिमरन इन्जिनियरिङ्गलाई रू.३४००००।०० पेश्की दिएकोमा म्याद भित्र फछर्यौट भएको देखिएन। अतः नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्दछ।

| | |
|---|---|
| पेश्की | ३,४०,००० |

## ९४ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्षअतिरिक्त कोष मौज्दातको राखेको रू ७८ लाख ५५ हजार ३३७ कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे नगरसभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ । यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

## ९५ वित्तीय विवरणको विश्लेषण

९५.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६५५७६३२७.५ | ० | ६५५७६३२७.५ | ६४०१४८१८.७३ | ० | ६४०१४८१८.७३ |
| १३००० | अनुदान | २३१८६२०९४.९८ | ० | २३१८६२०९४.९८ | २६०४९८७२०.४ | ० | २६०४९८७२०.४ |
| १४००० | अन्य राजस्व | ३३३०८५२.१७ | ० | ३३३०८५२.१७ | १२१०१२० | ० | १२१०१२० |
| १५००० | विविध प्राप्ति | १३२७२० | ० | १३२७२० | ७६२००५ | ० | ७६२००५ |
| क | कुल जम्मा प्राप्ति | ३००९०१९९४.६५ | | ३००९०१९९४.६५ | ३२६४८५६६४.१३ | | ३२६४८५६६४.१३ |
| ३ | चालु | २१६१६४०६४.२८ | ० | २१६१६४०६४.२८ | २२०९६३८६०.०८ | ० | २२०९६३८६०.०८ |
| २१००० | पारिश्रमिक / सुविधा | १०३८३२२९९.१ | ० | १०३८३२२९९.१ | ९०७६९३११.६४ | ० | ९०७६९३११.६४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १०८०८४५६५.१८ | ० | १०८०८४५६५.१८ | १२७१०४६९३.४४ | ० | १२७१०४६९३.४४ |
| २७००० | सामाजिक सुरक्षा | २५१८००० | ० | २५१८००० | १३९६२५५ | ० | १३९६२५५ |
| २८००० | अन्य खर्च | १७२९२०० | ० | १७२९२०० | १६९३६०० | ० | १६९३६०० |
| ४ | पूंजीगत | ९९६२१६०५ | ० | ९९६२१६०५ | १२०८५१३०७ | ० | १२०८५१३०७ |
| ३१११० | भवन तथा संरचना | ११६८९३७९ | ० | ११६८९३७९ | १२८९२०४३ | ० | १२८९२०४३ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ७५४७८२ | ० | ७५४७८२ | ८०९७७६० | ० | ८०९७७६० |
| ३११३० | अन्य पूँजीगत खर्च | २०८४१०७४ | ० | २०८४१०७४ | १२६०६३७० | ० | १२६०६३७० |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | ० | १३४३६६६ | ० | १३४३६६६ |
| ३११५० | सार्वजनिक निर्माण | ६४५५३७२३ | ० | ६४५५३७२३ | ८४०८७४१४ | ० | ८४०८७४१४ |
| ३११७० | पूँजीगत सुधार खर्च | १७८२६४७ | ० | १७८२६४७ | १८२४०५४ | ० | १८२४०५४ |
| ख) | कुल जम्मा भुक्तानी | ३१५७८५६६९.२८ | | ३१५७८५६६९.२८ | ३४१८१५१६७.०८ | | ३४१८१५१६७.०८ |
| ग) | बचत / कमी (ग = क-ख ) | -१४८८३६७४.६३ | | -१४८८३६७४.६३ | -१५३२९५०२.९५ | | -१५३२९५०२.९५ |
| घ) | धरौटी आकस्मिक | ३८६८०५५.९८ | | ३८६८०५५.९८ | -२७२६५९९.७५ | | -२७२६५९९.७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | -१०,४८४.०० | | -१०,४८४.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -११०१५६१८.६५ | | -११०१५६१८.६५ | -१८०५६१०२.७ | | -१८०५६१०२.७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३०६३५४०८.६ | | ३०६३५४०८.६ | ४८६९१५११.३ | | ४८६९१५११.३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १९६१९७८९.९५ | | १९६१९७८९.९५ | ३०६३५४०८.६ | | ३०६३५४०८.६ |

९५.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.९०५०००।००, गरिबसँग विशेश्वर कार्यक्रमकोरू. ४१५०००।०० र समाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रू. ७७८२१०७८।०० समेत गरी रू. ७९१४१०७८।०० खर्च भएको अङ्क सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको विवरणले पालिकाको पुर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

९५.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन तथा आय व्यय विवरण अनुसार रू.३०६४५८९०।०० मौज्दात रहेकोमा यो वर्ष रू.३०६३५४०८।६० शुरु जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१०४८१।०४ घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले मिति २०८०।५।२९ मा रू. १०४८४।०० दाखिला गरि हिसाव मिलान गरेको देखियो।

९५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाको यो वर्षको स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ।

| चालुआ.ब. | | | | | |
|---|---|---|---|---|---|
| संकेत | कोषखाता | गतबर्षको मौज्दात रकम | घट/बढनगद | मौज्दातरकम | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु |
| १ | २ | ३ | ४ | ५ | ६ |
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | | ० | ० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | २,६३,७४,७३९.७६ | (१,४८,८३,६७४.६३) | १,१४,९१,०६५.१३ | १,१४,९१,०६५.१३ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | ३४,८८,२८७.०० | १३,०५,५२३.०० | ४७,९३,८१०.०० | ४७,९३,८१०.०० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | | ० | ० |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | | ० | ० |
| ग २.७ | विविधखर्च खाता | ३,०३,३२७.२५ | ११,५४,३४१.९८ | १४,५७,६६९.२३ | १४,५७,६६९.२३ |
| ग ७.१ | स्थानीयतह आकस्मिक कोष खाता | ० | | ० | ० |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ४,६९,०५४.५९ | १४,०८,१९१.०० | १८,७७,२४५.५९ | १८,७७,२४५.५९ |
| जम्मा | | ३,०६,३५,४०८.६० | (१,१०,१५,६१८.६५) | १,९६,१९,७८९.९५ | १,९६,१९,७८९.९५ |

## ९६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबै भन्दा बढि ४७.३४ प्रतिशत सामाजिक विकासको क्षेत्रमा र सबै भन्दा कम ०.४ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च भएको देखियो। आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य अनुसार बजेट कोडिङ गरी सोही अनुसार बजेट विनियोजन तथा व्यवस्थापन हुनुपर्दछ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ४२७०२०००. | २९६५८५७७. | ९.४० |
| २ | सामाजिकविकास | १८४५०१०००. | १४९५१५४५६.१६ | ४७.३४ |
| ३ | पूर्वाधारविकास | ६३०७६९८३.६ | ५०५४७२६३. | १६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २२०००००. | १२७२०५३.८२ | ०.४ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ९७९०१२५०. | ८४७९२३१९.३ | २६.८५ |
| कुलजम्मा | | ३९०३८१२३३.६ | ३१५७८५६६९.२८ | १०० |

९७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन रणनैतिक गन्तव्य स्पष्ट नहुने र सालवसाली विषयहरुमा केन्द्रित रहेको देखियो। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

९८ **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत यो वर्ष रु. ९९६२१६०५।०० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबानाई करिद कार्य गरेको देखियो। अत: पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई खरिद कार्यलाई व्यवस्थित बनाउनु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शिवनाथ गाउँपालिका, बैतडी , शिवनाथ गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह महता | २०८०-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Raghunath Awasthi | २०७८-७-११ | २०८०-१०-२४ |
| लेखा प्रमुख | Dev Raj Sapkota | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९४२,९०६ | ६,७३१,००१ | १,७९५,९६० | ० | ० | ३४०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,८०९,८६७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ११६,८९६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,६९२,९७१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३०६३५४०८.६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५३२६८००० | चालु खर्च | २१६१६४०६४.२८ |
| प्रदेश सरकारबाट अनुदान | १४१०११४९ | पूँजीगत खर्च | ९९६२१६०५ |
| राजश्व बाँडफाँट | ६४५८४००६.२७ | वित्तीय/अन्य व्यवस्था | ३८६०८४७६.०२ |
| आन्तरिक आय | ४४५५८९३.४ | | |
| अन्य आय | ६९६९४७७.९८ | | |
| कुल आय | ३४३३७८५२६.६५ | कुल खर्च | ३५४३९४१४५.३० |
| बाँकी मौज्दात | | १९६१९७८९.९५ | |

## अनुसूची - २

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| ProductDesc | UOM | BatchNo | ExpiryDate | Qty | UnitCost | Total Cost |
|---|---|---|---|---|---|---|
| IUD CuT 380 A Set | Set | 24019 | 30-Apr-2024 | 50 | 0 | 0 |
| Adrenaline 1:1000 Injection | Ampoule | LE-22166 | 31-Jul-2024 | 13 | 13 | 169 |
| Pantoprazole 40 mg Injection | Vial | 0105e | 31-Jul-2024 | 95 | 100 | 9500 |
| Cetrizine HCL 10 mg Tablet | Tablet | 22005s | 29-Aug-2024 | 2400 | 3.6 | 8640 |
| Metronidazole 400 mg Tablet | Tablet | rett | 30-Jun-2024 | 10 | 0 | 0 |
| Salbutamol Inhaler 200mcg/dose | Piece | 12338 | 31-Jul-2024 | 23700 | 0.8 | 18960 |
| Janssen COVID-19 Vaccine 5 Dose | Vial | 210H21A | 31-Aug-2023 | 400 | 31.575 | 12630 |
| Amitriptyline 10 mg Tablet | Tablet | L640174 | 17-Dec-2023 | 200 | 0 | 0 |
| Amitriptyline 10 mg Tablet | Tablet | TRT8140 | 31-Mar-2024 | 800 | 2.09 | 1672 |
| Diclofenac 75 mg/ml Injection | Ampoule | lokjm | 18-Jul-2023 | 69 | 18 | 1242 |
| Vitamin B Complex Capsules | Capsule | 210047.1 | 2-Apr-2023 | 6200 | 4.31 | 26722 |
| Super Cereal | Kilogram | 2022/01 | 13-Jun-2023 | 18 | 136.843 | 2463.174 |
| Examination Gloves Medium | Piece | kjloi09 | 20-Jun-2023 | 1900 | 10.0005 | 19000.95 |
| Inactivated Polio Vaccine (IPV) 1 Dose | Vial | 2128005A | 2-Jun-2024 | 22 | 0 | 0 |
| Bandage 15 cm x 3 m | Piece | 09hg | 16-Jul-2023 | 4 | 235 | 940 |
| Povidone Iodine 10% Solution 500ml | Bottle | 89044 | 3-Apr-2024 | 34 | 315 | 10710 |
| Doxycycline 100 mg Capsule | Capsule | ZDC98006 | 30-Apr-2024 | 900 | 6.5 | 5850 |
| Absorbent Cotton 180 G | Roll | snfb | 16-Jul-2023 | 2 | 280 | 560 |
| SARS-COV-2 Vaccine (Verocell) 5 Dose | Vial | B2021082537 | 18-Aug-2023 | 200 | 0 | 0 |
| Typhoid Conjugate Vaccine (TCV) | Vial | 222702122A | 31-Jan-2024 | 33 | 4.75 | 156.75 |
| Sodium Chloride Solution 0.9% 100 ml (Normal Saline) | Bottle | A03WX121 | 31-Mar-2024 | 27 | 29 | 783 |
| Total | | | | | | 119998.9 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।